Kunwar, Ramesh Raj, 1981 "Chhyang: Its Origin and Importance in the Sherpa Society", *Himalayan Culture*, Kathmandu: Vol. 11, No. 1, pp. 29-32.

--1984 "Nepalese Society, Liquor and Culture", *Ancient Nepal*, Department of Archaeology: No. 85, pp. 1-21.

Lang, S. D. R. and Lang, Ann, 1970 "Khunde Hospital and Demographic Survey of the Upper Khumbu, Nepal" *Newzealand Medical Journal*, Vol 74, No. 470.

Ministry of Tourism, 1984 *Provisions Relating to Mountaineering*.

Oppitz, Michael, 1974 "Myths and Facts: Reconsidering some data concerning the clan history of the Sherpa", *Kailash*, Vol 4, No. 1 & 2.

Ortner, Sherry, B., 1978 "*Sherpas Through Their Rituals*", Cambridge: Cambridge University Press.

--1978 "The White-Black Ones: The Sherpa View of Human Nature", In James F. Fisher (Ed), *Himalayan Anthropology*, Hague: Monton Publishers.

Pradhan, P., 1981 "Social Impact of Tourism in Nepal", Prashasan, *The Nepalese Journal of Public Administration*.

Paul, R. A. 1976 'Some Observation on Sherpa Shamanism', In John T. Hitchock and Rex Jones (Ed). *Spirit Possession in the Nepal, Himalayas*. New Delhi: Vikas Publishing House, pp. 141-151.

Pawson, Evan G. et al, 1984 'Growth of Tourism in Nepal's Everest Region: Impact on the Physical Environment and Structure of Human Settlements', *Mountain Research and Development*, Vol. 4, No. 3.

Stein, R. A., 1972 *Tibetan Civilization*, London: Faber and Faber Ltd.

Sing, Brigadier Gyan, 1962 'Everest 1960', In M. S. Kohli (Ed), *Himalayan Endeavour*, Bombay: A Times of India Publication.

Shrestha, K. K. 1982 'The Impact of Tourism on Mountain Environment', *Mountain Environment and Development*, Kathmandu: Sahayogi Press.

Satyal, Dinesh, 2041 'Sambhu Tamang-Sundare Sherpa, *Gorkhapatra* (in Nepali) Kartik-15.

Sharma, Shailendra, 1984 'Nepali Everest Summitteers', *Nepal Himal Journal*, (NMA).

Sharma, Pitambar, 1982 ,Mountaineering: The Needs of Nepal' (UIAA Symposium, 13th October).

Thompson, Michael, 1983 'Mountain Chronicles, Why Climb Everest ? A Critique of Risk Assessment', *Mountain Research and Development*, Vol 3, No. 3 pp. 299-302.

Vidhyarthi, L. P., 1963 *The Maler: A Study in Nature-Man-Spirit Complex of Hill Tribe*, Calcutta: Bookland Pvt. Ltd.

Nepal

(Continued)

—Sylvain Levi

XI. Inscription of Dharampur

Dharampur is an old village situated between Kathmandu and Budha Nilkanth (I I, 394) facing Thoka which have given me a stela of the same epoch. The stela that bears the inscription is erected in front of a chapel of Ganeca. Only the lower portion exists; the last lines are alone well preserved; there remains the traces of twenty lines, but a great splinter has carried away the greater portion.

The inscribed portion covers a height of about 0m, 60, a width of 0m, 25; the characters measure on an average 0m, 015; the space between the lines 0m, 02. The writing has the ordinary aspect of the inscriptions of Civadeva; the letters are large, clear well cut; the only characteristic difference with Amcuvarman (exception made of the 'h' that is not met with here) consists in the redoubling of the silents after 'r'. It must however be mentioned as an innovation the procedure to note down the consonant as a last syllable; instead of being drawn up on a smaller scale below the line; it is written on the normal level, in normal size, but it is underlined by a curled dash that resembles the Sanscrit 'u' of the Devanagari, turned over on its axle.

The chart has a two fold privilege for object (1,13) the details of which are missing; yet one still see that the ingress to the village was always forbidden to the armed force, regular or irregular. The other privilege consists, it appears in a remittance of tax, in connection with the Malakara 'The Malla tax'. The same tax is also mentioned in connection with a remittance of tax in the inscription of Jisnugupta in Thánkot (1,24) and in the two passage there is a question of four pana (panacatustya); but the stela of Dharampur emphasises that it concerns copper panas (tamrapana) and expressly add 'according to the custom' (ucita). I have already recalled, in connection with the Mallakara (11,211 sq) the victorious campaign of Manadeva against Maliapuri the town of the Mallas and I have shown the analogy of the Turuska dauda, frequently named in the inscriptions of Govinda Candra of Cange. It is probable that the Mallas, forerunners of Gurkhas, who were to overthrow them one day, exercised at that time, from the western valley wherein they had installed themselves a kind of onerous suzerainty over Nepal.

The formulary of recommendation to future kings is in its greater part identical to

that of the inscriptions of Civadeva; likewise the wording, iti 'samajnapana 'which disappears with Civadeva, to be replaced by 'svayan ajna'. The date confirms all these indications; it is clearly read 500 20.

The elements 5 from 500 is exactly similar to that of the inscription of Khopasi; the sign of the hundred has here instead of the double curve (in the shape of 3) of Khopasi and Bhag. 4, a kind of S turned over on its axis.

The dutaka is the Varta Bhogacandra; I have already discovered upon the personage and the title (1,262). We know nothing of the personage; his name presents the element 'bhoga' which I have already called to attention (11,128).

Text

The first 11 lines are almost entirely abliterated, except the 4th. tabhatapravecyah sarvvakalam a ... ... In the 5th line the second character is si; in the 7th one sees bacas; in the 8th tan na; in the 9th purvvapra; in the 10th rnnac car.

12. ... ... bhyac ca Mallakara... ...
13. ... .. citatamrapanacatustayad urddhva...
14. - ...miti prassadvayam samadhikan dattam tad e
15. vamvedibhir una kaiccid idam apramanan karyyam
16. Ye py asmadurddhvam bhubhujo bhavitaras tair a
17. pi dharmagurubhir ggurukrataprassadanu
18. rodhibhir eva bhavyam iti samajnapana
19. dutakac catra varttabhogacandraah samvat
20 500 20 magha cukla dvadacyam

Translation

(4) Entry prohibited to regulars and irregulars...

(12-13)... of these, the Malla tax ... above four copper panas according to the custom.

(14-18) This important double privilege has been granted to you. Knowing thus nobody must fail to abide by this regulation. And the kings who will come after us, they also by respect for the law, respect and maintain (uphold) this favour. Such is the order.

(19-20) The delegate is here the varta Bhogacandra. Samvat 520, month of magha, clear fortnight, the 12th.

(to be continued)

(Foot Note to page 68; 'Nepal', Vol. III by S. Levi)

1. The word samajnapana is missing in the dictionary of Bohtlingk-Roth, and in the Compendium.

मुक्तिनाथ : केही ऐतिहासिक तथ्य

—रमेश ढुङ्गेल

मुक्तिनाथको प्राचीनताका विषयमा ठोस रूपले प्रकाश पार्ने सामग्रीको अभाव छ। नीलगिरी, मुक्तिनाथ हिमाल, दामोदर हिमाल जस्ता पवित्र हिमश्रृङ्खलाले घेरेको, कृष्णा गण्डकीको स्रोत स्थलको रूपमा स्कन्द-पुराण, वराहपुराण जस्ता पौराणिक ग्रन्थहरूमा मुक्ति-नाथको महिमा गाइएको छ। (योगी २०१३: पृ. १२५ मूल संस्कृत खण्ड) तर पुराण बाहेक अन्य ऐतिहासिक स्रोतमा भने मुक्तिनाथको चर्चा निकै पछिदेखि मात्र पाइन्छ। मुक्तिनाथ मन्दिर र आसपासका सांस्कृतिक र पुरातात्विक महत्वका वस्तुहरूले पनि मुक्तिनाथको प्राचीनतालाई मध्यकालभन्दा अगाडि पुऱ्याउन दिदैनन्। यसो भए तापनि यस देवस्थललाई हिन्दू तथा बौद्ध दुवैले धेरै पहिलेदेखि नै उच्च स्थान दिएर मान्दै आएको तथ्य-लाई भने भुल्न सकिदैन। हिमवत् प्रदेशका महत्वपूर्ण तीर्थस्थलहरूलाई हिन्दू जगत्मा चिनाउने काम विभिन्न पुराणहरूको माध्यमबाट भएको कुरामा दुईमत हुन सक्दैन। खासगरी भारतमा गुप्त साम्राज्यकालमा सम्पा-दन गरिएका हिन्दू पौराणिक साहित्यले यस काममा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। हिमालयबाट भारतीय मैदानमा झर्ने ठूलठूला गङ्गा, यमुना, गण्डक जस्ता नदीहरूको स्रोत स्थलको खोजीको क्रममा तिनका अन्य नदीहरूसंगका अनेक संगम स्थलहरूका साथै उक्त नदीका प्रस्रवण क्षेत्रका प्राकृतिक रमणीय स्थलहरूलाई हिन्दू तीर्थस्थलको रूपमा परिचित गराउने कामको प्रथम पाइला त्यसै हुनाले गुप्तकालमा चालिएको थियो भन्न सकिन्छ।

मुक्तिनाथको विषयमा भने केही तिब्बती स्रोतहरू-मा हिन्दू स्रोतभन्दा पहिले उल्लेख आएको छ। तिन-मध्ये बाह्रौं शताब्दीताकाको लद्दाखी स्रोतमा मुक्ति क्षेत्रलाई छु–ला–मे–वर, दो–ला–मे–वर भनिएको चर्चा यस प्रसङ्गमा उल्लेखनीय छ। (फ्रांके १९७२ : पृ. ३५ तिब्बती मूल पृ. ९६ अनुवाद)[1]। पानीबाट आगो बल्ने ठाउँ, ढुङ्गाबाट आगो बल्ने ठाउँ भन्नलाई यसो भनिएको हो। अझ स्थानीय मानिस तथा तिब्बतीहरू सा–ला–मे–वर, छु–ला–मे–वर र दो–ला–मे–वर (माटो, पानी र ढुङ्गाबाट आगो बल्ने) ठाउँ भनेर मुक्तिनाथको ज्वालाजीलाई चिनाउँछन् र चिन्दछन्। मुक्तिनाथको

१. लद्दाखका राजा ल्हा–छेन–उव्–पल् (वि. सं. ११३७–११६७) ले लोवो प्रदेशको छु–ला–मे–वर सम्म कब्जाएको चर्चा लद्दाखी स्रोतमा परेको छ। छु–ला–मे–वर भनेको पानीबाट आगो निस्कने (ठाउँ) हो जुन मुक्तिनाथको ज्वालाजीलाई भनिएको हो। तर फ्रांकेले तिब्बतीबाट अनुवाद गर्दा 'छु–ला–मे–वर' को अर्थ एक तलाउ भनेर गरेका छन्।

वर्तमान मन्दिर नजीकै जमीनबाट ३ थरी ज्वाला निस्कने स्थल अहिले पनि छँदैछ । त्यस ठाउँलाई हिन्दूहरूले पहिले पहिले ज्वालाजी भन्ने गर्दथे भने (वि.सं. १९६१ को सनदमा) हिजोआज ज्वालामाई। बौद्धहरूले भने उक्त ज्वाला प्रज्ज्वलित हुने ठाउँमा गोन्पा बनाएर ज्वालालाई एक बौद्ध तीर्थस्थलको रूप दिएका छन् । कुनै कुनै तिब्बती स्रोतमा मुक्ति क्षेत्रलाई "छु–मिग–ग्या–चा" भनिएको देखिन्छ । मुक्तिनाथको प्रदर्शिका (गाइड) रूपको एउटा तिब्बती पुस्तिका प्राप्त भएको छ, जसलाई "छु–मिग–व्रग्य–र्च–व्रग्यद । सुकु–छव्-गृतेर–ल्ङ । मु–ले–गङ्–गु–रू–ग्सङ–फुग–सोगस्–क्यी–दकर–छग् –ग्सल–व्र्ा–मे–ल्होङ डो–म्छर–च्यन–र्नमस् " भनिन्छ । त्यस पुस्तिकामा मुक्तिक्षेत्रसंग तिब्बती बौद्ध जगतमा ख्यातिप्राप्त तान्त्रिक सिद्ध पद्म संभवको सम्बन्ध देखाइएको छ (टुची १९५६ : पृ. १०) । यसैगरी काली-गण्डकीको स्रोत स्थल र मुक्तिक्षेत्र अन्तर्गत पर्ने अर्को वैष्णव तीर्थ स्थल "दामोदर कुण्ड" लाई पनि पद्मसंभवसंग नै सम्बन्धित गराइएको पाइन्छ (ढुंगेल २०४२ :पृ. ५) ।

स्कन्दपुराणको हिमवत् खण्ड कृष्णा गण्डकी माहात्म्यमा भने पहिले ब्रम्हाजीले मुक्तिक्षेत्रको मध्य भागमा बसेर तपस्या गरेर त्यहाँको पवित्र जलमा अग्निको आवाहन गरेर हवन गरेको र अग्नि र जल परस्परमा नमिल्ने वस्तु भए तापनि दुवै वस्तुको आश्रयमा ब्रम्हाजी बसेको कुराको चर्चा छ । पछि त्यही ठाउँमा अनेक देवताहरू पनि आई ब्रम्हाजीले हवन गरेको पञ्चामृतले युक्त हवीलाई बल्दो ज्वालाको रूप लिएर ग्रहण गरेको र यसरी अग्नीले हविको ग्रहण गर्दा जलाग्नी मूर्ति भएको हो भन्ने पनि चर्चा छ । त्यस्तै उक्त जलाग्नीमध्ये विष्णुको मूर्तिचाहिं जल हो र शिवको चाहिं अग्नि हो र त्यस पवित्र स्थलमा ब्रम्हादि देवताहरूले बास गरिरहन्छन् भन्ने पनि चर्चा "हिमवत् खण्ड" मा परेको छ (योगी, हिमवत्खण्ड : २०१३, पृ. १२६ मूल र १३० अनुवाद) ।

हिमवत्खण्डमा वर्णित उपर्युक्त चर्चाबाट पहिले–पहिले ज्वाला बाहेक अर्को मुक्तिनारायणको छुट्टै मन्दिर वा तीर्थ भएको कुरा बुझिदैन । त्यहाँ खाली पानीबाट आगोको ज्वाला निस्कन्थ्यो र त्यही आगो र अग्नि ज्वाला मध्ये पानीलाई चाहिं विष्णु (नारायण)को रूपमा र अग्निलाई चाहिं शिवको रूपमा मानिन्थ्यो भन्ने कुराको मात्र चर्चा परेको देखिन्छ । यसैगरी पुराना तिब्बती स्रोतमा पनि त्यस क्षेत्रमा छु–ला–मे–वर अर्थात् "जलाग्नी ज्वाला"को मात्र चर्चा पाइन्छ ।

यसरी हेर्दा मुक्तिनाथको मूल मन्दिर तथा आसपासका अन्य देवस्थलहरूमध्ये सर्वप्राचीन देवस्थलको रूपमा ज्वालाजीलाई मान्नु पर्ने हुन्छ। हिन्दू तथा बौद्ध दुवै स्रोतले उक्त क्षेत्रको पवित्र दैनिक स्थलको रूपमा ज्वालाजीलाई नै सर्वप्रथम देखाएको छ । यस किसिमले मुक्ति क्षेत्रका मानव निर्मित धार्मिक वस्तु तथा देवस्थलको स्थापना हुनुभन्दा सयौं–सयौं वर्ष पहिलेदेखि नै मुक्तिनारायण (विष्णु) र शिवको प्रतीकको रूपमा हिन्दूतर्फबाट र चेन–रे–जिग (लोकेश्वर)को रूपमा बौद्धतर्फबाट त्यहाँको प्राकृतिक ज्वालालाई मानिंदै आएको कुरालाई विना विवाद स्वीकार्नु पर्ने हुन्छ । तर पछि पछि आएर उक्त विष्णु र शिवको प्रतीक मानिने ज्वालास्थललाई बौद्ध गोन्पामा नै परिणत गरिएको छ र हिन्दूहरूको आकर्षण कम मात्र त्यसतर्फ रहन थालेको देखिन्छ । वास्तवमा मुक्तिनारायणको मूर्ति बनाई मुक्तिनाथको रूपमा छुट्टै मन्दिर स्थापना गरेपछि आएको परिवर्तनको रूपमा नै यस घटनालाई मान्नु पर्ला जस्तो लाग्छ । जुन घटना नेपाल एकीकरणभन्दा अगाडिको मान्ने केही ऐतिहासिक आधारहरू पाइएका छन् ।

नीलगिरी, धवलागिरि, दामोदर हिमाल जस्ता सुशोभित कृष्णागण्डकी जस्तो पवित्र नदीको स्रोत स्थल स्वच्छ र पवित्र स्थल जसलाई मुक्तिक्षेत्रको रूपमा हिन्दूहरूले महिमा गाएर आदर गरे; त्यसलाई तिब्बती र तिब्बती मूलका स्थानीय मानिसहरूले पनि उत्तिकै वर्णन तथा आदर गर्दै आएको देखिन्छ । हिन्दूहरूले भन्दा स्थानीय उत्तरी क्षेत्रका जनजातिले नै उक्त क्षेत्रलाई पहिलेदेखि तीर्थस्थलको रूपमा मान्ने गरेको कुरा ऐतिहासिक स्रोतले देखाएको छ । यसैगरी ज्वालाजीलाई बौद्ध गोन्पाभित्र पार्नेको र ज्यो–मो (भिक्षुणी) तथा लामा (भिक्षु) हरूको मुक्तिनाथ मन्दिरसंग रहिआएको सम्बन्ध तथा धार्मिक अधिकारका तथ्यहरूले पनि उपर्युक्त कुरालाई पुष्टि गर्दछ । तिब्बती बुद्धधर्म मान्ने स्थानीय

मानिसहरू मुक्तिक्षेत्रलाई फाग्–पा–चेन–रे–शिग अर्थात् आर्यावलोकेतेश्वरको निवास स्थलको रूपमा तीर्थस्थल (न्हे) मान्दछन् र मुक्तिनाथलाई चेन–रे–शिगकै रूपमा । यता हिन्दूहरू पनि विष्णु (नारायण अर्थात् लोकपाल–लोकेश्वर) कै रूपमा मान्ने गर्दछन् । यहाँनिर पहिले स्थानीय बौद्धहरूले लोकेश्वर मानेर पछि हिन्दूहरूले पनि मान्न थाले कि पहिले हिन्दूहरूले विष्णु मानेर स्थानीय बौद्धहरूले लोकेश्वर मान्न थालेका हुन् ? यस विषयमा स्पष्ट रूपमा भन्न सक्ने स्थिति छैन । तर ऐतिहासिक स्रोतले र चलिआएको परम्पराले चाहि पहिले स्थानीय बौद्धहरूले नै मान्ने गरेको कुरा देखिन आएको छ । तर हिन्दू पुराणहरूले मने हिन्दूहरूले नै पहिलेदेखि मानेको कुरालाई संकेत गरेको देखिन्छ । यस प्रसङ्गमा पुराणहरूको रचनाकाललाई पनि ध्यान दिनुपर्ने हुन्छ ।

स्कन्दपुराणको रचना कहिले भयो भन्ने विषयमा स्पष्ट रूपमा भन्न नसकिए तापनि त्यहाँ वर्णित विषयवस्तु तथा घटनाको आधारमा धेरै जसो विद्वानहरूले यसको शुरुआत इशाको सातौं शताब्दीदेखि नवौं दशौं शताब्दीसम्म भएको मान्दछन् (सिंह १९८५ : पृ. ३४–३७) । यस पुराणको हिमवत्खण्डको रचनाकाल त अझ पछिको जस्तो देखिन्छ । मुक्तिनाथ र गण्डकी माहात्म्य खण्डको रचना त झनै पर्वते मल्ल राजाहरूको शासनकालमा पर्वत राज्यमै भएको मानिन्छ (नेपाल २०४०: पृ. १३–१४)। वराह पुराणको रचनाकाल पनि इशाको दशौं शताब्दीताका नै मानिन्छ (सिंह १९८५: पृ. ३१–३४) । यसरी उपर्युक्त आधारमा मात्र हामी मुक्तिक्षेत्रको प्राचीनतालाई पूर्व मध्यकालभन्दा अगाडि पुऱ्याउन सक्दैनौं । तर पनि भारतीय भूभागलाई सिचन गर्ने पवित्र नदीहरू (गंगा, यमुना, गण्डकी, कौशिकी) का स्रोत स्थल हिमवत् प्रदेशलाई हिन्दू तीर्थस्थलको रूपमा चिन्ने चिनाउने काम केही उत्तर वैदिककालदेखि नै हुन थालेको र यस काममा उल्लेखनीय देन गुप्त साम्राज्य युगमा भएको कुरालाई मान्न सकिन्छ । भारतीय मैदानमा मुगल प्रभाव बढ्न थालेपछि विस्तार विस्तार त्यसतर्फका हिन्दू तथा बौद्ध विद्वान् पण्डितहरू साथै शासकहरूको नै पनि हिमालयका काखमा अवस्थित पहाडी प्रदेशतर्फ (खासगरी नेपालतर्फ) प्रवेश भएको कुरा स्पष्ट नै छ । त्यसैले मध्यकालको पूर्वार्द्ध देखि यस हिमवत्खण्डका तीर्थस्थलहरूको ख्याति अझ फैलिन पुग्यो । गण्डकीका सङ्गमस्थलका हरिहर क्षेत्र, रुरु क्षेत्र तथा मुक्ति क्षेत्रमध्ये रुरु क्षेत्र र मुक्तिक्षेत्रको ख्याति फैलाउने काममा पाल्पाली सेन राजा, कर्णाली प्रदेशका खसमल्ल राजा, जुम्ली कल्याल र पर्वते मल्ल राजाहरूको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । मुक्ति क्षेत्र, गण्डकी, रुरु क्षेत्र साथसाथै बद्रीनाथको ख्याति फैलाउने काममा पनि खसमल्ल राजा र जुम्ली राजाहरूको त्यतिकै देन रहेको देखिन्छ । यसरी मध्यकालको पूर्वार्द्धमा पश्चिम नेपाल तथा दक्षिण पश्चिम तिब्बत (पूर्वमा गुङ्–थाङदेखि पश्चिममा मानसरोवर गुंगे, पुराङ क्षेत्रसम्म) साथै कुमाउँ गढवाल क्षेत्रसम्म साम्राज्य विस्तार गर्ने या–चे साम्राज्यका खसमल्ल शासकहरूको साम्राज्यमित्र पर्ने बद्रीनाथ क्षेत्र र मुक्ति क्षेत्रको हिन्दूजगतमा महिमा बढाउने काममा अवश्य यी खसमल्ल राजाहरूको प्रथम देन रहेको हुनु पर्दछ ।[2] रुरु क्षेत्रमा मुकुन्द सेन आदि पाल्पाली सेन राजाका पालामा सांस्कृतिक महत्वका वस्तुहरूले र पर्वते मल्ल राजाका शासनकालमा लेखिएका कृष्णागण्डकी माहात्म्य, कृष्णप्रभा माहात्म्य, बदरिकाश्रम माहात्म्य

२. या–चे साम्राज्यका संस्थापक नागराज र उनका वंशज तथा पुण्य मल्ल पृथ्वीमल्ल जस्ता पालवंशी राजाहरूले पूर्वमा गोरखा क्षेत्रसम्म कब्जाएको कुरा गोरखा तग–वृही गोन्पामा प्राप्त २ ताम्रपत्रले (खनाल २०३०: पृ. २–९), पश्चिममा कुमाउँ–गढवाल क्षेत्रसम्म कब्जाएको कुरा वालेश्वरको क्राचल्लको शिलालेखले र उत्तरमा पश्चिम तिब्बतको गुङ–थाङ देखि गुंगे पुराङसम्म कब्जाएको कुरा तिब्बती स्रोतले देखाएको छ । यसै गरी पर्वतका राजा शाही मल्लको श्याहा मोहरमा मुक्तिनाथ इलाकालाई "खशान प्रदेश" भनिएबाट पनि मुक्ति क्षेत्रसम्म खसमल्ल राजाहरूको अधिकार फैलिएको कुरा मान्न सकिन्छ । किनकि खसमल्ल राजाहरूले आफ्नो साम्राज्यको राजनीतिक क्षेत्र विभाजन (प्रशासनिक रूपले) गर्दा "जड्गान" र "खशान" प्रदेश भनेर गरेका थिए ।

आदिले पनि ती शासकहरूले यस क्षेत्रको महिमा बढाउने कार्यमा महत्वपूर्ण भूमिका निभाएको कुरा स्पष्ट हुन्छ ।[३]

माथि उल्लिखित कर्णाली प्रदेशका खसमल्ल राजाहरूको या–चे साम्राज्यको पन्ध्रौं शताब्दीको शुरुतिर विखण्डन भएपछि उक्त कर्णाली प्रदेशमा खडा भएको जुम्ला राज्यले मुक्तिनाथ इलाकासम्म आफ्नो अधिकार गरेको थियो । यसले लोवो (मुस्ताङ) राज्यलाई कदर गरेको थियो । कल्याल्वंशी यी जुम्ली राजाहरूले आफ्नो इष्ट देवताको रूपमा बद्रीनाथ र मुक्तिनाथलाई ज्यादै उच्च स्थलमा राखेर सम्मान गरेका थिए । यी जुम्ली राजाका श्याहामोहरको शिरोभागमा "श्री बद्रीनाथो जयति । श्री मुक्तिनाथ सहाय" भन्ने लेखिएको पाइनाले यस कुरामा विश्वस्त हुन सकिन्छ ।[४] यी कल्यालवंशी जुम्ली राजाहरू पहिलेका खसमल्ल राजाहरूका सामन्त तथा नजीकका नातेदारहरू पनि थिए । त्यसैले खसमल्ल राजाहरूको प्रभावले जुम्लीहरूले पनि मुक्तिनाथ र बद्रीनाथलाई इष्टदेवता मानेको हुनुपर्दछ । मुक्तिनाथ क्षेत्रमाथि जुम्लीहरूको अधिकार भए तापनि बद्रीनाथ त जुम्लीहरूको राज्यभन्दा धेरै टाढा थियो । त्यसैले बद्रीनाथलाई आफ्नो इष्टदेव बनाउनमा पनि जुम्लीहरुलाई तिनै पहिलेका खस राजाहरूको परम्पराले प्रभावित तुल्याएको हुनु पर्दछ । यसै गरी पर्वते मल्ल राजाहरू त सोझै खसमल्ल राजाहरूकै वंशज भएकोले र आफ्नै राज्य गण्डकी प्रस्रवण क्षेत्रमा फैलिएकोले गण्डकी माहात्म्यको साथै बद्रिकाश्रम माहात्म्य समेत लेखाउने काम गरेका थिए ।

कर्णाली प्रदेशका खसमल्ल राजाहरू हिन्दू र बौद्ध दुवै धर्म मान्दथे र संस्कृत, तिब्बती र खस (पर्वते भाषा हुँदै हिजोआज नेपाली) तीनै थरी भाषाको प्रयोग गर्दथे । त्यसैले तिब्बती बौद्ध परम्परा र हिन्दू परम्परा दुवैको ज्ञान उनीहरूमा हुनाले मुक्तिनाथलाई तिब्बती परम्पराको चेन–रे–शिग (अवलोकितेश्वर) तथा हिन्दू परम्पराको मुक्तिनारायण (विष्णु) दुवै रूपमा मान्यता दिने र पूजा प्रार्थना गर्ने परम्परा पहिले उनीहरूले नै चलाएको हुनुपर्दछ । यसरी मध्यकालभन्दा पहिले मुक्तिनाथको ख्याति हिन्दू जगतमा व्याप्त फैलिएको थिएन। पछि मात्र क्रमशः पश्चिमका खसमल्ल, जुम्लीकल्याल र पर्वते मल्ल शासकहरूको माध्यमबाट तिब्बतीहरूको साला –मे–वर–छु–ला–मे–वर (चेन–रे–शिग) ले मुक्तिनारायणको रूपमा धेरै ख्याति प्राप्त गरेको बुझिन्छ ।[५] अझ यस देवस्थलको हिन्दू जगत्मा ख्याति शाहकालदेखि बढ्यो । यसो भए तापनि एकीकरण पूर्व मुक्तिनाथको मन्दिर तथा मूर्तिको स्थापना भएको उल्लेख भने पाइएको छ । पहिलेदेखि नै मुक्तिनारायणको रूपमा उक्त स्थलको अग्नि ज्वालासंगैको पवित्र जललाई नै मानिन्थ्यो भन्ने कुरा हिमवत्खण्डमा वर्णित तथ्यका आधारमा माथि नै उल्लेख गरियो । मुक्तिनाथको वर्तमान मन्दिर त शाहकालको हो, त्यसमा सन्देह छैन । तर मुक्तिनारायण–को तामाको मूर्ति भने त्यसभन्दा केही अगाडिकै भन्न सकिन्छ । त्यसैले जुम्ली कल्यालहरूका समयमा मुक्तिनाथको छुट्टै मूर्ति स्थापना गरेर मन्दिर बनाइएको थियो कि भन्ने अनुमान सजिलै हुन्छ । त्यसो भए तापनि पहिलेको मन्दिरकै ठाउँमा पुनः शाहकालमा नयाँ मन्दिर बनेको हुनुपर्दछ ।

---

३. यस सन्दर्भमा वाल्मिकीय रामायणको रामाश्वमेधकाण्डमा वर्णित नीलगिरि तथा मुक्तिनाथको चतुर्भुज नारायणको चर्चा र तत् सम्बन्धी चाखलाग्दो विवरणलाई पनि भुल्न सकिंदैन । तर उक्त वर्णन पछि थपिएको हो वा मूलमै वर्णित हो भन्ने विषयमा भने विवाद नै छ ।

४. जुम्ली राजा वीरभद्र शाही, मुख शाह आदिका यस्ता केही श्याहा मोहरहरू यस लेखका अन्वेषकले पनि सङ्कलन गरेको छ र केही परवर्ती अन्वेषकहरूले पनि ।

५. माथि उल्लिखित पर्वते राजा शाही मल्लको श्याहा मोहरमा मुक्तिनाथ जाने जोगी, सन्यासी, ब्राह्मण आदि तीर्थयात्रीलाई आदर गर्नू, अन्न डाडरा दिनू, मिठो कुरा बोल्नू, सहयोग गर्नू .... " भन्ने व्यहोरा परेको छ । यसबाट मुक्तिनाथको ख्याति फैलाउने र तीर्थयात्रीहरूलाई सुविधा पुऱ्याउने काममा पर्वते मल्ल राजाहरूले भूमिका खेलेको थियो भन्ने कुरा बुझिन्छ ।

मुक्तिनाथ...

जसरी मन्दिरको रूप शाहकालभन्दा अगाडिको पाइएको छैन । त्यसै गरी मुक्तिनाथसंग सम्बन्धित गुठी, पाटी–पौवा आदिको पनि ऐतिहासिक प्रमाणले सर्वप्रथम श्री ५ रणबहादुर शाहबाट हालको म्याग्दी जिल्लामा पर्ने राखु क्षेत्रमा मुक्तिनाथ जाने बाटोमा एउटा पौवा बनाउन लगाई फलफूल बगैंचा समेत लगाएर मुक्तिनाथ जाने तीर्थयात्रीहरूलाई फलफूल बाँड्ने र बास बस्ने प्रबन्ध गराएको देखिन्छ (योगी २०२२ : पृ. ६५८) । उक्त घटना वि. सं. १८६२ भन्दा अगाडिको ठहर्छ । त्यसपछि वि. सं. १८६३ मा रणबहादुरकै माहिला महारानी सुवर्णप्रभाबाट मुक्तिनाथको दर्शन समेत गरेर मुक्तिनाथमै एउटा विशाल पौवा बनाउन लगाई राखुमा प्रशस्त जग्गा गुठी समेतको व्यवस्था भएको थियो (वज्राचार्य र श्रेष्ठ २०३७ : पृ. ४२३–२४)। वि. सं. १८६६ मा श्री ५ गीर्वाण युद्धबाट पहिले श्री ५ रणबहादुरबाट स्थापना गराएको पौवा र गुठीलाई विस्तार गरी गुठीको जग्गाको क्षेत्र बढाइएको थियो (योगी २०२२ : पृ. ६५८) । त्यस्तै पछि वि. सं. १८८६ मा पर्वतको कुश्माचौरमा श्री ५ राजेन्द्रबाट मुक्तिनाथ जाने यात्रुहरूका निम्ति एउटा अर्को पौवा र फलफूल बगैंचाको व्यवस्था गराएको थियो । त्यसमा पनि पछि वि. सं. १८९४ सालमा केही जग्गा गुठीको रूपमा श्री ५ राजेन्द्रबाटै थप भएको थियो (श्रेष्ठ २०४२ : पृ. ९०–९१) ।

मुक्तिनाथको उपर्युक्त गुठीका गुठीयारको रूपमा श्री ५ रणबहादुरका माहिला महारानी सुवर्णप्रभाका तर्फका राजकुमार चौतरिया रणोध्योत शाह र उनका सन्ततिहरू देखिन्छन् । उनीहरूलाई पछि पछि वसन्तपुर चौतरिया भनिन्थ्यो । उनीहरूबाटै मुक्तिनाथ पौवाका हाकिम डिठ्ठाको नियुक्ति हुन्थ्यो । मुक्तिनाथको गुठीको हर हिसाब उनीहरूकै वसन्तपुर तहविलमा दाखिला हुने व्यवस्था थियो । त्यसैले पाटी–पौवा, धर्मशाला, मन्दिर, बाटो, घाटो, पाठ–पूजा, सदावर्त, गुठी प्रशासन आदि सम्पूर्ण व्यवस्था यिनै वसन्तपुर चौतरियाको निर्देशनमा चल्दथ्यो । चौतरिया वृद्ध पराक्रम शाह, चौतरिया शमशेर जङ्ग पराक्रम शाह, चौतरिया केशरीजङ्ग पराक्रम शाह-हरूको नाम मुक्तिनाथको गुठीका सञ्चालक र व्यवस्थापक-को रूपमा ऐतिहासिक कागजपत्रमा देखिएको छ । मुक्तिनाथका पौवाका हाकिम डिठ्ठाका रूपमा प्रायः मुस्ताङ झारकोट (बाह्र गाउँ) का ठि–थोग–पा विष्टहरूले काम गरेको तथ्य पनि तात्कालिक चिठ्ठीपत्रहरूबाट पाइएको छ। यसै गरी मुक्तिनाथको गुठी चलाउने काममा वसन्तपुर चौतरिया बाहेक स्थानीय कर्मचारीमा उपल्लापौवामा डिठ्ठा १, पौवाली १, वहिदार १, दाउरे २, हिउँ फाल्ने कामदार १ र १ जना पुजारी ब्रा.म्हण, १ जना पूजा सुसारे तथा लामा ज्योमोहरू हुन्थे। यस बाहेक तल्लो पौवा (राखुस्थित) वेग्लै प्रशासनको व्यवस्था थियो । १ जना चिताइदार बाहेक अरूको स्पष्ट उल्लेख नपाइए तापनि तल्लो पौवामा मुक्तिनाथ गुठीको राखु अमाल नामक अड्डा नै भएको चर्चा सामग्रीमा परेको छ । तर मुख्य हाकिमचाहि उपल्ला पौवाका डिठ्ठालाई नै मानिन्थ्यो ।

यहाँ मुक्तिनाथ विषयमा अध्ययनका निमित्त अत्यन्त उपयोगी केही अप्रकाशित सामग्रीहरू परिशिष्टमा समावेश गरिएका छन् । जसमध्ये वसन्तपुर चौतरिया केशरीजङ्ग पराक्रम शाहले उपल्लापौवाका नाउँमा वि. सं. १९३१ र वि. सं. १९६० मा जारी गरेको मुक्तिनाथको गुठी व्यवस्था, पाठपूजा परम्परा र सञ्चालन तथा स्याहार संभार आदि विषयमा विस्तृत विवरण प्रस्तुत गर्ने सनदहरू बढी उपयोगी छन् । यिनै पत्रहरू र सनदका आधारमा वि. सं. १९६१ भन्दा पहिले र हिन्दू विधिले मुक्तिनाथको नैमित्यिक पूजा चल्ने परम्परा नभएको तथ्य थाहा पाइएको छ । त्यस्तै उक्त मन्दिरमा त्यसभन्दा पहिले स्थानीय लामा ज्योमोहरूले मात्र आफनै परम्पराले बत्ती बाल्ने, पानी चढाउने आदि उपासना गर्ने परम्परा भएको कुराको पनि जानकारी पाइएको छ । त्यसपछि हिन्दू र स्थानीय लामा ज्योमो (बौद्ध) दुवै परम्पराले पूजाआजा गर्ने परम्परा अध्यावधि कायमै छ । यसरी नेपालमा धार्मिक सहिष्णुताको ज्वलन्त नमूना मुक्तिनाथको परम्पराले देखाएको छ ।

सन्दर्भ स्रोत

खनाल, मोहनप्रसाद, २०३९ । **मध्यकालीन अभिलेख,** काठमाडौं : लेखक स्वयं ।

ज्याक्सन, डेविड वाउल, १९७६। "द अर्ली हिष्ट्री अफ लो" **कन्ट्रिब्यूशन्स् टु नेपलीज स्टडिज,** ४:१, पृ. ३९–५६

टुची, जुसेप, १९५६। **प्रिलिमिनरी स्टडिज अन टु साइन्टिफिक एक्स्पिडिशन इन नेपाल**। रोम : आइ० एस्० एम० इ० ओ०।

ढुंगेल, रमेश, २०४२। "दामोदरकुण्ड : एक परिचय" **नेपाली संस्कृति**, २ : १, पृ. १–१२ (सांस्कृतिक संस्थानद्वारा प्रकाशित)।

नेपाल, ज्ञानमणि, २०४०। **नेपाल निरुक्त**। काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

फ्रांके, ए० एच०, इ. १९७२। **एन्टिक्वीटिज अफ इण्डियन टिबेट**। दिल्ली एस् चन्द्र एण्ड कं.प्रा.लि.।

बज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, २०३७। **शाहकालका अभिलेख**। काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि० वि।

योगी, नरहरिनाथ, २०१३। **हिमवत्खण्ड** : (सं०)। काशी : गोरक्षटिल्ला, योग प्रचारिणी,

——२०२२। इतिहास प्रकाशमा सन्धिपत्र संग्रह। (सं.) काठमाडौं : गोरक्ष टिल्ला, वनकाली।

श्रेष्ठ, टेकबहादुर, २०४२। **पर्वतराज्यको ऐतिहासिक रूपरेखा**। काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि.।

सिंह, नागशरण, ई. १९८५। **पुराणपरिचय**। दिल्ली : नाग पब्लिशर्स।

परिशिष्ट १

श्री मुक्तिनाथ

१. स्वस्ति श्री मच्चौतरिया वीर वृद्धपराक्रम साहकस्य पत्रम्—

२. आगे. डिठ्ठा घुंग्याल विस्टके असिष उप्रान्त... का सदावर्तको तैले प ठायाको ४

३. सालको वहि बुझ्दा १९०० सालको डंड कुंड वाहेक रापि रसिद गरिदियाको छु अव

४. उप्रान्त वहि बुझाउन पठाउंदा द्वान्यालाई पनि पठाउन्या गर. तल्ला पौवा मनी

५. वधैचा बनाउनु भनि दसषत गरिपठायाको छ. तजवीज वाधि झारा लगाइ चा

६. डो तयार गर. औ छाकीजगाका कुरालाई. २ पल्ट दसषत लेषि डाकी पठाउद्रा.

७. त पनी आइनस. मोहडा पनी पठाइनस् जगा लिनाको मन्सुवा नराषि. अर्जि लेषि

८. पठाइछस तैपनि पुरानु चाकर होस आउलास भनि जेठ महिनासम्म जगा रा

९. षि दियाको थियो. त आइनस् वहि बुझाउन आउन्या तेरा मानीस हेरुसित अ

१०. रुले दिया वमोजिमको मोहडा दिन सक्छौकी भन्दा. अरुले दियाको वमोजि त

११. हामी दिन सक्तौन हामिले ल्यायाको छैन भन्या जवाफ दिया र. जगा उठयो

१२. तेसतर्फ अरूकाम परि आयो भन्या त हाम्रो छदैछस् ईती सम्वत् १९०१ साल मि

१३. ति जेष्ट शुदी ८ रोज ७ शुभम्—

१) टशि विष्ट वा सुब्बा टशि थोवग्याल विष्ट

स्रोत: से– आंग्याल, कागवेगी

परिशिष्ट २

श्री

श्री मुक्तिनाथ

१. स्वस्ति श्री मच्चौतरिया सम्सेरजङ्ग साहकस्य पत्रम्—

२. आगे वेल्बो विष्टको आसिक् उप्रान्त तैले वावा टशि विष्ट र दा

३. ज्यू स्मेत यसै सालमा मर्दा वावा र दाज्यूको काज कृया वार्षिक हुना

४. ले. मलाई साह्रै दुष पर्‍यो र यो साल हजुरको दर्शन गर्न आउ

५. न सकिन. मेरा वावाले गर्‍याको .....का सदावर्तको आम्दा

६. नी षर्च वसिल वांकिको वहि पत्र लि. आगे सालमा असल घो



परिशिष्ट १

वि. सं. १९२६ मा मुक्तिनाथका गुठियार चौतरिया शमशेरजङ्ग शाहले मुक्तिनाथ उपल्ला फौवाका डिठ्ठा वेल्वो विष्टका नाउँमा जारी गरेको सनद

७. डा समेत् ली वहि वुझाउन आउछु भन्या विस्तार लेषि पठा

८. याका अर्थलाई वढिया लेषिछस्. तेरो वावु टसि विष्ट र चुं

९. वा छरि विष्टले..... का सदावर्तको दामकाम्. आम्दानी ष

१०. चं गर्याको १७ साल लगायत् २६ साल तकको ज्मा खर्च फार

११. क् भन्याको छैन. सो माफिक सालवसालको वहिपत्र र वाकी

१२. तैले तिनुं पर्न्या ठहर्न्याको रूपैया स्मेत् लि. आगे साल मंसिर

१३. मा असल तेजि दोषन भयाको वलियो देषनलाई राम्रो मो

१४. टे घोडा १ र. सक्या सम्म ४ र नभया १।२ जो पाइन्छ

१५. ७।८ वर्ष माथी १२।१३ वर्ष सम्म उमेर भयाका देष्न ला

१६. इ राम्रा केटी कमारि. षोजि षरिद गरि. लि आउन्या काम गरि

१७. स् भन्या त देषि म वहुत षुसि हुन्याछु चाकर किन्दा पन्याको मो

१८. ल् तसित वहि वुझ्दा मिनाह गरि वक्स्यौंला. आगे सालमा पनि

१९. वहि वुझाउन आइनस्. वाकिरुपैया पनि तिरिनस् भन्या नु

२०. ठी पनी षोसियेला वाकी रुपैयामा पनि. तेरो विइजत गरि

२१. घडि लिइन्या छ सो वुझि लेषिया वमोजिम्को काम गरि आ

२२. गे साल चाडो आउन्या कामगरिस भन्या तेरो वावु ले गर्या

२३. को काम तलाइ छंदैछ आउन्या काम गर इति सम्वत्

२४. १९२६ साल मिती फागुन शुदि ४ रोज १ शुभम्—

स्तः से— छिमि दोर्जे झारकोटो, मुक्तिनाथ

परिशिष्ट ३

श्री केश श्री

रीजङ्ग पराक्र श्री मुक्तिनाथ

म शाहको १

छाप

१. स्वस्ति श्री मच्चौतरीया के (शरीजङ्ग पराक्र) म साह कस्य पत्रम्—

२. आगे १ का उपल्ला पौवाको गुठियार. डिठा वेलवु विष्टके यथोचित उंप्रा

३. न्त. हाम्रा विर्ता. टुक्च्या गुंवामा ज्ञान लि टुपि काटि. झिस्यामै वस्याकी झु

४. म्यालाई. टुक्च्या वस्न्या. सिपालु तन्जिन् षम्वाको छोरा. ल्हाक्पा. भंन्या

५. ले. निज झुंस्या पानि लीन. पध्यारामा गयाकीजाई पध्यारैवाट टिपि

६. लगी. स्वास्नी तुल्याई. राषेछ र. हाम्रा रितमा पुग्याको झुमालाई. तिमिले

७. स्वास्नि तुल्यायापछि. हाम्रा गुंवाका लालमोहर. वमोजि तिमिलाई. डंड ला

८. ग्छ भनि. हामिले. निज ल्हाक्पालाई. तगैंदा [redacted] तिदिन भनि. जवरजस्ति

९. झेल गरि. डंडका रुपैंन्ना दियेन. गुंवा[redacted] गरि-वक्स्याको लालमोहरको

१०. रित विगारि. दियो झेमु विगार्न्या सित. डंडलीन पाउन्या हुं भनि. टुक्च्या

११. गुम्वाको लामा निल्द ध्याल्पो र डीठ्ठा झेम्यां छोमो. ले. परिदार धर्मदत्त उ

१२. पाध्यालाई. लेष्याका चिठिले. हाम्रा हघुर्वा जाहेर. भयो तनर्थ वे

१३. होरा येहि. हो भन्या. ज्ञान ली टुपि काटि गुंवामा वसि सक्याकि. (झुमा)

१४. विगार्न्या निज ल्हाक्पालाई पक्रि. गुंवाका लाल-मोहर. वमोजि. को थि

१५. ति. थामि अयन्. वमोजिको. डंड लि. निज. गुंवाका लामा र. डीठ्ठा. झेम्यां.

१६. छिमो. हस्ते. वुझाइ. भर्पाइ. लीनु. वेहोरा अर्कै रहेछ भन्या. निज लामा र डि

१७. ठा. झेम्यां छोमो. र निज. ल्हाक्पा. झिम्स्या. लाई. झिकि पुर्पक्षे. जोरि. अ

१८. यन. वमोजि. निसाफ. गरि. यो झगडा छिनिदे. ताहा छिन्न. सकिदैन.

१९. भन्या. २ थर. झगरि.या. जोरि. आहा पठाइदे. अ.य . वमोजी. झगडा छि

२०. नि जानन्. ताहा पनि. छिनिदिनस्. आहां पनि. जोरि पठा. इनस्. भ.

२१. न्या र. पनपक्षे. माया मोलाजा पछि. लागी. निसाफ विगारि. छिन्या

२२. को ठहऱ्यो भन्या. हाम्रा. विर्ता गुवाको. झगडाले, अयन्. वमोजि. तैले.

२३. बुझाउनु पर्ला. सो बुझि निसाफ. राहापारि. झगडा छिनिदे. इति सम्वत् १९३७

२४. मिति पौष शुदि ११ रोज ३ शुभम्—

नाप: ३६×२१.२ से. मी.

स्रोत: से–छिमि दोर्जे, मुक्तिनाथ, झार्कोट ।

परिशिष्ट ४

श्री केश श्री मुक्तिनाथ श्री नृसिंभ श्री ज्वालाजी
री जङ्ग परा १ २ ३
क्रम शाहको
छाप

१. स्वस्ति श्री मच्चौतरिया केशरी जङ्ग पराक्रम साह कस्य पत्रम्—

२. आगे ···१···का सदावर्त गुठी उपल्ला पौवाका डीठा के यथोचित् उप्रान्त १ को नित्य पुजा

३. गर्नालाइ पुजाहारी राषि नित्य पुजा गर्नु भंन्या अघी नठेकियाको र. जो कोही मंदीर भीत्र

४. पसि फोहर गर्न्या तिर्थ वासिहरूले चह्रायाको भेटी घाटी भने लामा झुमाहरूले षान्या

५. सुघर सफा भने नगर्ने हुंदा अब उप्रान्त बन्देज रहोस् भंन्ना नीमित्त हाल ६१ साल राम नौ

६. मी देषी १ को नित्य पुजालाइ र. सोपुजाको भाडाहरू स्मेत् संकल्प गरि हामि वाट राषि

७. वक्स्याको छ हीमालको ठाउ हुनाले राम नौमि चैत्र सुदि ९ देषि कार्तिक सुदि १५ तक

८. मैह्ना ७ दिन ७ लाइ तपसिल्मा लेषीया वमोजीम्-को पुजा सराजाम् वाट नीत्य पु

९. जा चलाउनु. चौमास पाठ गरेको सात्विक वमोजिम् को दक्षीणा र पुजाहारी टहलु

१०. वा को सिधा जागीर पाषी दोचा वषु धोति को नगदि स्मेत् सनद वमोजीम् तपसिल् मा

११. लेषीयाको नगद जिन्सी साल वसाल वेला वषत्मा उपल्ला पौवा. को डिठा संग बुझी लि

१२. नीत्य पुजा चलाइ १ सात्विक वमोजिम् चौमास पाठ गरि षानु षुवाउनु. सो नित्य पु

१३. जा. को. भाँडा बुझी लिदा बुझाउदा र भेटी घाटी गहना भाँडा माल मत्ता. साछी वस्ने कुरा स्मे

१४. त् चाहीने तपसिल्मा लेषी वक्स्याको छ सो लेषीया वमोजिम् गर्न्या काम गर

१५. भनि वागलु वस्न्या पंडीत हरिप्रसाद पाध्याय का नाउमा हामी वाट दस्षत् गरि वक्स्या

१६. को छ. तपसिलमा लेषीया वमोजिम्को पुजा सराजाम्. चौमास पाठ गरेको सात्विक

१७. वमोजिम्को दक्षिणा पुजाहारि टहलुवा को सिधा जागीर पाषी दोया वषु धोति

१८. को नगदि स्मेत् साल वसाल १ का उपल्ला पौवा का आम्दानि वाट नीज पुजा हा

१९. री लाइ मैन्हा मैन्हा मा र. वेला वषत् मा दि भर्पाइ लीनु वही बुझदा निजका भर्पाइ र

२०. यही दस्षत् वमोजिम् मीन्हा होला नित्य पुजा को भाडा. भेटी घाटी गहना भाडा माल्

२१. मत्ता. साछी वस्ने कुरा स्मेत् गैह तपसिलमा लेषीया वमोजिम् कत्तीफरक नपा

२२. री गर्नु. गर्न लाउनु. लेषीया वमोजिम् नगरि लो भानि पापानि गरि पाया षुदा

२३. या को र. पुजा वंशीन गरेको स्मेत् ठहऱ्यो भन्या अैन वमोजिम् सजाये भै काम वा

२४. ट स्मेत तुरंत षारेज हुनेछ. सो जानी लेषीया वमोजिम् गर्ने गराउने काम गर

तपसिल

२५. ··· १ ·· का स्थानमा हीमालयेको ठाउ हीउद भर ज्यादा हयू पर्ने हुनाले

२६. रामनौमी देषी पुजा चलाइ मार्ग वदि १ देषी वन्द

गर्नु पर्ने हुनाले य

२७. ही साल चैत्र सुदि ९ देखि कार्तिक सुदि १५ तक मैन्हा ७ दिन ७ को नीत्य

२८. पुजालाइ चाहीने पुजा सराजाम् र चौमास पाठ गरेको पाठको सार्विक

२९. वमोजिम् को दक्षिणा र पुजाहारि टलुवा को सिधा जागीर वषु दोंचा पा

३०. षी धोति को मोल. स्मेत साल वसाल गंन्ती गर्न्या गंती गरि भर्न्या भरि जोषन्या जो

३१. षी पुजाहारि लाइ वुझाइ भर्पाइ ली नीत्य पुजा चलाउन लाउनु—

३२. सो मैन्हा ७ दिन ७ को ···१··· मा नीत्य पुजा आरती के—

३३. आसामी नगदी मोरु	रोज १ को	मैन्हा १ का दिन ३० को	मैन्हा ७ दिन ७ को ज्मा दिन २१७ के—
३४. श्री षंड के	।.।३—	।२।१२—	१।६२।३
३५. सिधुर के	।.।३—	।२।१२—	१।६२।३
३७. सिगो सुपारि के	।.।१—	।७।२—	।५४।१
३७. अविर के	।.।२—	।१५—	१।८।२
३८. कपुर के	।.।२—	।१५—	१।८।२
३९. आरति स्मेत के घ्यू वत्ति के	।३—	।९०—	६।५१
४०. फुल के	।२—	।६०—	४।३४
४१. भेटी के	।१—	।३०—	२।१७
४२. अष्ट सुगंध धुलो धुप			
४३. र घ्यू स्मेत के	।१—	।३०—	२।१७
४४. वेलुका आरति स्मेत् के नै			
४५. वेद के	।३—	।९०—	६।५१
४६. जौ तिल् के	।.।२—	।१५—	१।८२
४७. दियो के वत्ति के	।१—	।३०—	२।१७
४८. पंचामृत के	।२—	।६०—	४।३४
४९. झमाल वगाम२के	×—	×—	।४०
	।१६।१	४।८७।२	३५।६६।१
जीन्सी			
५०. अक्षताके चावल	।.।.।२—	।.।६—	।५।३।४

५१. नीत्य पुजा र चौमास भर पाठ गर्ने ब्राम्हण १ के—

५२. नगदि मोहरु— ७८।६६

५३. मंदीरमा चौमास पाठ् गरेको पाठको द

५४. क्षीणा सार्विक वमोजिम् पैसा २० गंदी

५५. रु ४२ के २५ गंदीले मोरु— ३३।६६

५६. वषु दोचा पाषि के सार्विक चौमास

५७. पाठ् गर्दा दीयाको मोरु ३ मा हाल नी

५८. त्य पुजा पुजदा ठप् (थप) मोरु ५ स्मेत ज्मा ८।

५९. सो नीत्य पुजा गर्दा लाउनाके धोती २ के २।

६०. मैन्हा ७ दिन ७ सम्म पुजा गर्न्याको जागीर ३५।

६१. सिधा सार्विक चौमास पाठ् गर्दा मैन्हा ४ को दि

६२. आयाको मा हाल मैन्हा ७ दिन ७ सम्म नीत्य पुजा

६३. थपिदा ठप् (थप) मैन्हा ३ दिन ७ स्मेत ज्मा मैन्हा ७ दिन

६४. ७ को जोगी सरह रोजको चावल ।.।२ मास ।.।.।५ नुन्

६५. दिन २० को ।.।१ वेसार दिन ३० को ।.।१ घ्यू रोजको

६६. तोला २ दारुवा चाहीने माफिकका दरले दिनु

६७. पुजा सुसारे जना १ के ऐ मैन्हा ७ दिन ७ को पुजा हारिलाई दिया

६८. वमोजिम् सिधा सराजाम दिनु—

६९. सो मैन्हा ७ दिन ७ सम्म नीत्य पुजा गरिज्याल सम्म लाइ कसैलाई छुन नदि

७०. नीत्य पुजा गर्न लाउनु. नित्य पुजा सिधीया पछि चोषो नीती भै आयाका लाइ

७१. ···१··· को पाउना डंडवट् गर्नु दिनु. अछुति जात् लाइ र. पर सरेकि स्वास्नी मा

७२. नीसलाई मंदीर भीत्र पसन नदिनु—

७३. ···१··· को दर्सन गर्न आउने छोटा वडा गैहले सो मैन्हा ७ दिन ७ सम्म मा चह्रा

७४. याको भेटी घाटी गहना भाडा माल मत्ता हरू गैह मध्ये गहना भाडा माल्

७५. मत्ता हरू जति ···१··· का जगेरा ढुकुटी दाषिल् गर्न पौवाका डीठा जीम्मा

७६. बुझाइ भर्पाइ लीनु. भेटी घाटी जति अघी पुजाहारि नहुदा परा पुर्व देषी

७७. २ षंड लामा ले र १ षंड झुमा हरूले षाइ आयाकोमा हाल पुजाहारि रहेको

७८. हुनाले सो लामाले षाने २ षंड मध्ये १ षंड झिकि पुजाहारि लाइ वक्स्याको छ. अब

७९. उप्रान्त ···१··· मा चह्रायाको भेटी घाटी जति हुंछ तस्को ३ षंडको १ षंड झुमा हरू ला

८०. इ र १ षंड लामालाइ दि बाकि १ षंड पुजाहारिले षानु. सो भेटी घाटी हरू वा

८१. ड्दा. लामा झुमा पौवा को डीठा राषी वाड्नु. नीज पुजाहारीले पुजा नगर्‍याका

८२. मैन्हाको भेटी घाटी. सात्विक मा झुमा हरूले १ षंड मात्र षाइ मंदीर मंदीरमा

८३. परेको हिउ वरावर फालनु पर्ने हुनाले थप् १ षंड स्मेत् ज्मा २ षंड झुमाहरू

८४. ले र १ षंड लामाले षानु. सो पुजाहारीले पुजा नगर्‍याका मैन्हामा चह्राउन ल्याया

८५. को गहना भाडा माल मत्ता हरू गैह्र सोही ···१··· को जगेरा ढुकुटी दाषिल गर्ने पौवा का डीठा जिम्मा लामा झुमाहरूले वुझाइ भर्पाइ लीनु सो लेषीया वमोजिम् का भाडा गहना माल मत्ताहरू नवुझाइ दवाइ षायाको थहर्‍यो भन्या जसले

८६. दवाइ षायाको छ उसलाइ अैन् वमोजिम् सजाये होला भनि र ·· २३ ··· को

८७. सात्विक दरि चलि आया वमोजिम् पुजा आजा गरि ताहाको भेटी घाटी तिमि ला

८८. मा झुमा हरूले सात्विक षाइ आया वमोजिम् गरि वाडी षानु भनि नीज पुजा

८९. हारि र. लामा झुमा हरूका नाउमा स्मेत् हामी वाट गरि वक्स्याका दस्षत् मा लेषी

९०. वक्स्याको छ सो माथी लेषीया वमोजिम् गर्नु. गर्न लाउने काम गर्नु—

९१. ·· १ ·· को दर्सन गर्न आउने जात्रु तीर्थ वासिहरू षुसि राजीले हामी दान द

९२. क्षीणा पाठ पुजा पुराण जय होम् तिर्थ श्राद्ध गर्छु मन्यो भन्या वि

९३. धि पुर्वक निज पुजाहारि बाट गराइ दिनु. र श्रद्धा-वाट जो दियाको दान

९४. दक्षीणा लीन लाउनु. कर लगाउन. नदिनु—

९५. ताहा सदावर्त वाड्दा निज पुजाहारि लाई साछि राषी वाड्नु रोजना मा

९६. सो सिधा वाडेका तिपत्र स्याहामा मिति मितिमा निज पुजा हारिको सा

९७. छीको सही छाप गराउनु. नीज पुजा हारिले पुजा नगर्‍याका मैन्हा को सावीक व

९८. मोजिम् पौवालि को मात्र सही छाप गराउनु ·· १ ·· को गहना भाडा माल्

९९. मत्ता हरू नावेदाव गर्दामा पनि नीज पुजाहारि लाइ साछी राषी दावेदा

१००. दाम गर्नु—

१०१. सो नित्य पुजाके हामि वाट संकल्प गरि राषि वक्स्याको देहायका मा

१०२. डाहरू ··· १ ·· का पुजाहारि जीम्मा वुझाइ भर्पाइ लिनु सो मैन्हा ७ दिन ७

१०३. सम्म नित्य पुजा चलाइ सके पछि नीज पुजाहारि संग सावुद फिर्ता

१०४. वुझि लि भर्पाइ दिनु—

१०५. ढलौटे नैवेद पात्र—	१	वृगुढी स्मेतको अर्घा—	१
१०६. ऐं पंच पात्र—	२	ऐं स्मेतको संष—	१
१०७. ऐं आचमनि—	१	ढलौटे धुपौरो—	१
१०८. ऐं ठाडो दियो—	१		
१०९. ऐं २मुखे चंदनघोरी	१	नीरमल थापने पितलेवाटा	१
११०. ऐं घंट—	१	वजाउने संष—	१
१११. ऐं कलस—	१	तावाको सागरि—	१
११२. ऐं ५ मुषे आरति—	१	अैना हर्ने—	१
११३. ऐं पंचामृत के कचौरा—	१	तावाका डाठ् स्मेत्को मजुर पंषा—	१
११४. ऐं को नौ प्वालको पुजा थालि—	१	ऐं स्मेतको जवर पंषा—	१

११५. ढोकामा नाउने नेपाली फला

११६. मे तालचा जोर— १ × × ×

११७. ... १... को नीत्य पुजा गर्दा वेहान वेलुकाको आरति के र दियो के स्मेत् घ्यू वत्ति

११८. के हामि वाट ठेकी वक्स्याको रोजको पैरु ।४ को सो उपल्ला पौवा को सदा

११९. वर्त लाइ दोवा गाउवाट आउने घ्यूले नपुगी षरिद गर्नु पर्दा मोरु १ को धानि

१२०. १९ का दर ले षरिद गरि काम चलाइ आयाको हुनाले अव पनि सो पैरु ।४

१२१. को दोवा गाउका मुषीया चौतारे हरू संग मोरु १ को धानि १ का दरले घ्यू

१२२. नै षरिद गरि मैन्हा मैन्हामा पुजाहारि लाइ वुझाइ दिनु. नगदि नदीनु

१२३. ... १ ... प्रिति गरि हामि वाट चढाइ वक्स्याको देहायका सैया सराजाम हरू

१२४. नीत्य वेलुका को आरति सिधीया पछि दुरुस्त गरि माजी ... १ ... को अगा

१२५. डी राषना लाइ नीज पुजाहारि जीम्मा वुझाइ दिनु—

१२६. काठको छपर स्मेत्को पलङ—	१
१२७. षोल स्मेत् को वसना—	१
१२८. षोल स्मेत्को र जाइ—	१
१२९. षोल स्मेत् को तकीया—	१
१३०. झलर स्मेत को झुल—	१

१३१. इति सम्वत १९६१ साल चैत्र ११ गते ५ सुभम्

(३गोटा टुका जोडिएको) संग्रह: छिमिधोर्जे

नाप:— ५६×२१.२ (से.मी.) विष्ट ठकुरी

परिशिष्ट ५

श्री

१. विन्ती पत्र चढाउन्याको
नाम. सु कागज नंवर- ७।१६८५५
२. वा लक्ष्मी प्रसाद तोक नंवर
३. ठेगाना इलाका वागलु झा झर
४. कोट. गाउं—
विन्ती पत्र

५. ईप्रान्त महाराज कुरुणा निधीन् धर्म औतार प्रभू. सरकारवाट दामोदर कुंडमा १ नरसीं

६. षोलामा १ सुष्चे षोलामा १ जंमा धर्मसाला ३ बनाई तयार गर्न मन्या थाक.

७. दान् भंसारका सुवा मंन् लाल् गुरु लाई आडर भया मुताबीक. नीज सुवाले सो

८. तिन् थाउंमा धर्मसाला वनाई तयार गरी सके पछी. सो धर्मसालाको चिताई दारी

९. काम्मा नीज सुवा मन्लाल् गुरु ले. षमजु सुवा-लाई र मेरो दाज्यू वषतवाहादुर सुवा

१०. लाई नियेत् गरी. दिदा हाल मेरो दाज्यू वषत वाहादुर सुवा र षमजु सुवा स्मेत पर्लोंग मंग

११. यातापनि. मेरो दाज्यू सुवा वषतवाहादुर सुवा षमजु हरूले जुन् हीसाव संग. सो धर्म

१२. सालाको हीफाजत् गरी आयाको थीयो. सो वमो-जिम् गरी हिफाजत्. गरी आज संम.

१३. सो धर्मसालामा केही नोक्सान् नभयाकोमा. हाल झाल्कोट्. वस्न्या ज्याव्यां भन्याले

१४. सर्कारमा आई. सो धर्म सालको हिफाजत् गर्न कसैले गरेन भन्या ईत्यादीको व्यहोराको झुठाकु

१५. रा सर्कारमा विन्ती पारी उसो भया सो धर्मसाला तिनैं ठाउंको चिताईदारी तिमी भैंस.

१६. भन्या वेहोराको तोक गरायछ भन्या समाचारमा. सर्कारमा झिजो विन्ती चढाउंनु आया

१७. को छु प्रभू. सो तिनै वटा धर्मसाला. सावुद रहेछ र सावीक् चीताईदार षमजु सुवा.

१८. वषतवाहादुर सुवाको भाई छोराहरू. ले हेर विचार गरेको रहेछ भन्या. ज्यान्यांको विन्ती

१९. पत्र वातिल् गरी. सो धर्म सालाको चिताइदारी कांम् सावीक् चिताइदारको भाई छोरा

२०. हरूलाई. सो चीताईदारी काम् को षान्नी वान्नी थांमी दिनु भन्या. दान् भन्सारको

२१. नाउंमा सनद गरी. पठाइदिनु भन्या जैसी कोठा अडार. को नाउंमा प्रमान्गी गरी वक्सु

२२. प्रभू जो हुकु—

इति सदा सेवक ईलाका वागलु झारकोट् गाउं वस्न्या लक्ष्मी प्रसाद सुवाको दिनप्रती कुर्नेस् कुर्नेस्—

इती सम्वत. १९७० साल फागुण गते शुभम्—

मुक्तिनाथ मन्दिर ट्रस्ट कार्यालय

परिशिष्ट ६

श्री

श्री मुक्तीनाथ

१

१. स्वस्ति श्रीमच्चैतरिया केसरिजं पराक्रम साहकस्य पत्रम्—

२. आगे डीठा भुंगेल वीष्ट मर्दा नीजको वारेसभै काम गर्ने इयाम्या वीष्टके यथो

३. चीत उप्रान्त ···१··· का उपल्ला पौवाका सदावर्त गुठीको अमानत् काम ७१ सा

४. लेका वालीलाई तलाई षारेजगरी झारकोट गाउं वस्न्या लक्ष्मीप्रसाद

५. वीष्टलाई भर्ना गरी वक्स्याको छ ···१··· का सदावर्त गुठीको उपल्ला पौवा

६. को तैंले वुझाउनु पर्ने सो पौवामा दरीयाको दोवा गाउ १ को लागत् र सदा

७. वर्त चलाउनाके सावीक दी आया वमोजीम्को नगद् जीन्सी कागज पत्र

८. भाडा वर्तन स्मेत् जो जो छ गैंह्र नीज लक्ष्मीप्रसाद वीष्टलाई वुझाइ

९. भर्पाइ लीन्या काम गर. इती सम्वत् १९७० साल चैत्र ७ गते ६—

१०. शुभम् ○ छाप ○ छाप

परिशिष्ट ७

श्री मुक्तिनाथ १ श्री लक्ष्मी नारायण २

१. स्वस्ति श्री म.च्चौतरिया केसरि जङ्ग पराक्रम साह कस्य पत्रम् —

२. आगे झारकोट गाउ वस्न्या लक्ष्मी प्रसाद वीष्ट के. हाम्रा सर्वाङ्ग माफीक् वीत्तलप · १ ·· प्रीती गरी सदावर्त

३. नीमीत्त गुठी राषी वक्स्याको ··· १ ··· का उपल्ला पौवामा दरियाको दोवा गाउ १ को कामकाज गर्ने

४. सावीकवाला अंगेल दिष्ट मर्दा नीजको वारेस भै. काम गर्ने नीजका भाई इयाम्या वीष्टलाई

५. षारेज गरी नीजको वदलामा तलाई भर्ना गरी वक्स्याको छ ···१··· का उपल्ला पौवाको इस्तक

६. सम्वत् १९७१ साल वैसाष १ गते देषी चैत्रका मसान्ततक् वर्ष १ का वालीलाई अमानत वमोजी

७. म्को पट्टा गरी वक्स्यौं जगामागै रस्ती चलाई वस्ती वसाई गाउघर अवाद गुल्जार गरी रैंती

८. राषी उपल्ला पौवामा दरीयाको दोवा गाउं १ को लगायात् स्मेत्को सेर्मा साउन्या फागुपा

९. को गैंह्र रकम् कलम् वीह्रौटा वीह्रौटी षेत्को वाली स्मेत् ५१ सालका जाँचको रपो (ट)

१०. बढेको वढ भया वढ् स्मेत्को सावीकवालासँग लगत ली सो लगत वमोजीम् सावीक दे

११. षी दरि चली आया वमोजिम् असुल तहसील गरी आम्दानी डंड कुड मन्यो अपुताली चा

१२. क चकुई ठेकी भेटी स्मेत् गैंह्र अमानती तहसील गरी स्याहा दर्नु तल्ला पौवावाट आया

१३. को जीन्सी गैंह्र वुझी ली रसीद गरी दीनु सो वुझी लीयाका जीन्सी आम्दानी वाधनु अस्मानी

१४. डंड कुड गर्दा अैन वमोजिम गर्नु अैनमा वीत्यास् पारी. वेजाइ वीदुत् नगर्नु वेजाइ वीदु

१५. त् गर्न्या भनी कोही रैती दुनीयाहरू कराउन आयो भन्या र. अैनमा वीत्यास पारि काम

१६. गरेको ठहर्‍यो भन्या तैंले गरेको वजाई वीदुत् त आफैंले वुझाउनु पर्ला तैंले.....

१७. अस्मानी डंड कुड मध्ये ६ षन्डको ५ षन्ड स्याहा दर्नु १ षन्ड तैंले खानु सावीक् वाला

१८. अमालीहरूले रकं कलं दवाई छपाई राप्येको रहेछ भन्या पनी षोजी लगत् कसी हा

१९. भ्रा हजुरमा जाहेर गरी पठाउनु औ ···१··· को दर्सन गर्न आउन्या जोगी सन्यासी फकीर

२०. फकेरा तीर्थवासी गरीप जो कोही जात्रुहरूलाई दात्र पत्रमा दरीया वमोजीमको... ...

२१. ल वमोजीमका दर्ले सदावर्त षान्छु भन्या जात्रु गैंह्र-लाई सदावर्त वार्दा ···१··· का नी

२२. त्ये पुजा गर्न्या पुजाहारी ब्राम्हणलाई र ...१...को उपल्ला पौवाली लाई स्मेत् (साछी)

२३. राषी रोज रोज आयाका सीधा पाने येती येती जवान मन्या नीज साछीहरूको

२४. सही छाप गराई राषनु साछीको स्ही छाप नपऱ्याको सीधा षर्च लेषेकोमा पछि मीन्हा

२५. पाउने छैन उपल्ला पौवाको कामदार कारीन्दालाई तपसीलमा लेषीया वमोजिम्

२६. को जागीर सीधा समेत् दी भर्पाई गरी लीनु तलाइ वक्स्याको तपसील वमोजीम्को

२७. षांगी तैले षानु तपसीलमा लेषीया वमोजीम्को षर्च गरी वाकी रहयाको जीन्सी

२८. वीक्री गरी स्याहा दर्नु सो वाकी रहयाको जीन्सी विक्री गर्दा गाउका मुषीया भलाद्मी

२९. साछी राषी गाउ षोलामा चलेका दर्भाउमा सो साछी वस्ने मानिसहरूको मुचुल्का

३०. गराइ मुचुल्का वमोजीम विक्री गरी नगदी स्याहा दर्नु सदावर्तलाई चाहीन्या (जीं)

३१. सी षरीद गर्दा जु जु मैन्हामा जे जे माल किफायत् साथ पाइन्छ उमै उसै वषत्मा षरी

३२. द् गर्नु सो षरीद गर्दा पनी गाउका तालुकदार भलादमी पौवाली पुजाहारी सा

३३. छी राषी नीजहरूको मुचुलका गराइ ली सो मुचुलका वमोजीम् षरीद गर्नु सो नग

३४. री षरीद गरीस् भन्ये मीन्हा पाउने छैन साल १ को असल काठे न्याउरी मुसा २ अस

३५. ल. चोथो ठुलो कस्तुरी विनायक् सलामी चढाउनु सो न्याउरी मुसा र कस्तुरी वीनायक् चढाउ

३६. नु. सकीनस् भन्य न्याउरी मुसा २ के दर मोहर रू १०। ले मोहरु २०।र. कस्तुरी विनायक

३७. के मोहरू २५। स्मेत् नगदी वुझाउनु सो सदावर्त बाँडेकौ रोज रोजको आम्दानी वाँदको

३८. रोज रोजको झाडो स्याहा लेषी सीधा पाने जोगी संन्यासी गैह्र जातुको नाउ नमेसी समे–

३९. तको छुट्टा–छुट्टै हाजीर फर्द लेषी सोही हाजीरी फर्दका मीती मी ीमा पौवाली पुजाहा

४०. रीको स्ही छाप गराउनु साल आषीर भयापछि आम्दानी षर्चको स्याहा ढपोड् षडा गरी

४१. साल तमाम भयाका ४ मैन्हा भीत्र हाम्रा वहि ुइने अडामा दाषील गरी वही वुझाई

४२. फारषती लीनु साल. तमाम्.का ४ मैन्हा भीत्र स्याहा धपोड तयार गरी दाषील गरे

४३. न भन्या ग्रैन वमोजीम् वुझाउनु पर्ला सो सदावर्तमा षर्च गरी वाकी रहेको .. ... सा

४४. छी भयेतापनी जगेरा चैत्र मैन्हामै वुझाउनु पट्टामा लेषीया वाहेक नगरी नहुन्या (काममा)

४५. गर्नु पऱ्यो भन्या हाम्रा हजुरमा साधी जवाफ वक्स्या वमोजीम् गर्नु हाम्रा हजुर सा-

४६. धी पट्टामा लेषीया मन्दा वढी षर्च गरेकोमा मीन्हा पाउने छैन पौवा देवधारा भत्के

४७. वीग्रेकोमा मनासीव माफीकको षर्च लगाई गाउका तालुकदार भलाद्मी पौवा

४८. ली पुजाहारी स्मेत् साछी राषी मात्र वनाउनु सो साछी वसनेको र लीलाम.....

४९. छाप पऱ्याको कागज वमोजीम् मीन्हा हुंला पैवा सफा सुघर राषनु.....

५०. का सवै सावुद वनाइ राषनु हर्साल छानामा पानी नचुहुने गरी साल वसाल

५१. छापनु सो पौवामा मर्मत नगरी पानी चुहीयो भन्ये पौवालीको जागीर मीन्हा

५२. पाउँदैन पैवामा घोडा गधा कुषुरा केही राषन नदीनु लोभानी पापानी गरी ध

५३. र्म नस्त गरी नषानु सो नाफा षायाको ठहऱ्यो भन्या ग्रैन वमोजीम् सजाय भै काम् वाट

५४. स्मेत् षारेज गरी वक्सौला औ ...१... का तुक्चे गुम्वाको स्मेत् २ गुम्बाको धमाल आसा

५५. मी लगा जमीन सनद कागज पत्र भाडा वर्तन् स्मेत् गैह्र मेरा जीम्माको यत्तीकै हो यो

५६. देषी घती वढी अरू मसीत केही छैन हालवालालाई नवुझाइ दवाई राषेको ठहऱ्यो

५७. भन्या ग्रैन वमोजीम् वुझाउला भन्या जो चाहिन्या वेहोराको सावीक्वालाको अर्कगा ली

५८. पाई ली सो अर्कण वमोजीमको माल सावुद बुझी ली रसीद गरी दिनु आ सके

५९. सम्म ४ चक्री ···२··· र नसके असल असल सालीक्राम १० वटा मंजुर हुने वमोजीम्

६०. को ल्याइ चढाउला सो लेखीयाका सालीक्ग्राम तक्याउन सकिनस् र हाम्रा

६१. मंजुर भयेन भने मोहरू येक सये रुपैआं चढाउनु भनी ···१··· का उपल्ला पौवाको

६२. अनातती काजकाम् गर्नु भनी १ साला पट्टा गरी वक्स्यौं अफ्ना षातीर जामा (स)

६३. य ···१··· को सोझो चीताई इमान् धर्म सम्झी अमानती काम गर्न्या काम गर—

तपसील

६४. आम्दानी तल्ला पौवावाट चलान् भै जान्या—

६५. फलुवा चावल मुरी १२१। मध्ये— १२०।—

६६. दालके मास मुरी— १७।१०

६७. वेसार पाथी— ।५

६८. फलुवाचावल मुरी १२१। मध्ये सरीले नुन मुरी— १।

६९. धान्— ९९।१३

७०. घ्यू दोवा साउको आम्दानीवाट मोहरु ।५० को धार्नी १८ का दर्ले घ्यू धार्नी

७१. ४०८ र नघुमेको जो चाहीन्या स्मेत्—

७२. षर्च—

७३. नीत्य पुजाके चैत्र सुदी ९ रोज रामनवमी देषी कार्तीक सुदी १५ रोज तक मैन्हा

७४. ७ दीन ७ के ६१ साल चैत्र ११ गते ४ मा भयाका सनद वमोजीम्को मोरु ३५।६६।१

७५. ऐके अक्षयता चावल— ।५।३।४

७६. नीत्य पुजा र चौवासा पाठ गर्ने ब्राम्हणके ऐ सनद वमोजीम्को मो रु— ७८।६६

७७. मंदीरमा चौवासा पाठ गर्ने ब्राम्हण के सावीक वमोजीम् २० गंडी रु

७८. ४२। के २५ गंडीले मोरु— ३३।६६

७९. वषु दोवा पाषीके ऐ सनद वमोजीम् मोहरु— ८।

८०. नीत्य पुजा गर्दा लाउने धोती २ के मोरु— २।

८१. नीत्ये पुजा गर्ने ब्राम्हणके जागीर के रु— ३५।

८२. पुजाहारी ब्राम्हण के ६१ साल चैत्र ११ गतेका सनद वमोजीम् सीधा—

८३. चावल— २।१४।४ वेसार— ।१७।२।

८४. दाल— ।१२।४।५ घ्यू— १६२।।३।

८५. नुन— ।१।२।८ × × ×

८६. पुजा सुसारेके सीधा सरजाम पुजाहारीके ऐ ऐ वमोजीम् मदर—

८७. ···१··· का पौवामा हीउ फाल्न्याके जागीर मोहरु— ३।

८८. डीठा १ के वर्ष १ को जागीर धान मुरी— ५१।

८९. पौवाली वहिदारके ऐ ऐ धान मुरी— ३०।

९०. पौवालीके— १५। वहीदारके— १५।

९१. पौवाली वेदार जना २ के सीधा—

९२. दीन १ को जना १ के चावल माना ।।२ दाल मुठी ।।।२ नुन मुठी आ

९३. धा ।।।।।। वेसार दीन ३० को माना ।।१ घ्यू तोला २ का दर्ले ज

९४. ना २ के वर्ष १ को दीनु पर्न्या दीनु—

९५. दारुवा वोक्ने जना २ के—

९६. वर्ष १ को जागीर धान मुरी ९।६।४ ले जना २ के धान— १८।१३

९७. ऐ के सीधा चैत्र सुदी ९ रोज देषी कार्तीक सुदी १५ रोज तक रो

९८. ज १ को जना १ के चावल माना ।।२ दाल मुठी ।।।२ नुन मुठी आ

९९. धा ।।।।।। का हीसावले जना २ के सीधा दीनु—

१००. इती सम्वत् १९७० साल चैत्र ७ गते छ शुभं

छाप छाप

परिशिष्ट ८

श्री ॰

श्री राजा

१

१. स्वस्ति श्री मक्चौतरिया केशरि

२. जङ्गपराक्रम साहबाट डिठ्ठा लक्ष्मी प्रसाद वीष्टके यथोचीत्

३. उप्रान्त तैले भाद्र १६ गते ३ मा चढाई पठायाको वीन्ती. पत्र आई

४. पुगी कीस्तार. जाहेर भयो. उपल्ला पौवाका इलाका मीत्रको रुषहरु

५. ढले परे सुकेका काटी ल्याई. साधु सन्तलाई धुनी भात पकाउन ला

६. ई दीनु पर्ने. हुनाले यो भाद्र १ गतेमा. ठुलो हावा आई ढलेको रुष ३

७. लीन पठाउदा. साङ्दोको माहिलो छोरा लामाले जवरजस्ती गरी ल

८. गी दीयेन भनी लेषेका लाइ. त तेस्पौवाको हाकीं मै. सो पौवा इ

९. लाका को रुषहरु ढले परेको सावीक् दर्षावीक् देषी पौवामा ल्या

१०. ई जोगर्नु पर्ने षर्च गर्नु पर्ने हो भने. सो वमोजीं आफुले नल्याई

११. जवरजस्ती गरी लग्याको हो भने लैजाने लाइ वीगो डंड स्मेत् गर्नु

१२. पर्ने सो वमोजीं गर्ने. तागत्. तेरो छैनस् भने ··· १ ··· वाट राषेका

१३. अडा. अदालत्मा नालेस्दी सो रुष लैजानेलाई डंड वीगो गरा

१४. उन. नसकी जाहेर गरी पठायाको देषदा त नादानी रहेछस् भं

१५. न्ये वुझी वक्से लेषीया वमोजीं आफ्नु हक पुग्ने रुष जवरजस्ती

१६. गरी लैजाने लाइ. तेरो तागत् छ भने तैले पक्की वीगोर डंड गरी

१७. ली स्याहामा आम्दानी वाधनु सक्दैनस् भने ··· १ ··· वाट राषी व

१८. क्सेका अडा. अदालत्मा नालेस्दी वीगो डंड उपर गरीनस् भ

१९. ने. सो वीगो डंड. तैलाई जरीवाना. मै आउने छ इती सम्वत् १९७१

२०. साल. आस्वीं १ गते ५ शुभम्—

पाँच रुक्काको आधारमा माहिला नानी साहेबको स्थिति परिचय

—सुशीला मानन्धर

यस लेखको आधार पाँच रुक्का पत्रहरू नेपाल र एशियाली अनुसन्धन केन्द्र (त्रि. वि. कीर्तिपुर) को पुस्तकालयमा सङ्कलित रहेका छन्। यी अभिलेखहरूलाई क्रमशः एउटा ४४४., दुई वटालाई ४५२ र बाँकी दुईवटालाई ४५५ गरी तीन वेग्लावेग्लै संकेत नम्बरहरू दिइएका छन्। यी संकेत नम्बरहरू विषयानुगत, वर्णानुक्रम वा प्राचीनतानुक्रम कुनै पनि आधारमा दिइएको छैन। विषय वा वर्णानुक्रमानुसार नम्बर दिइएको भए यी पाँचै वटा अभिलेखहरूको एकै नम्बर राखे पुग्छ किनकि रुक्काहरू वाली उठाउने विषयको भई एकै शब्दबाट शुरु भएका छन्। प्राचीनतानुक्रमलाई हेर्ने हो भने वि. सं. १८९१ को अभिलेखमा ४५२ नम्बर (अभिलेख नं. ४ र ५) दिइएको छ भने वि. सं. १८७५ को अभिलेखमा ४५५ नं. (अभिलेख नं.२ र ३) दिइएका छन्। यसरी यी अभिलेखहरूमा संकेत नम्बर दिंदा कुनै निश्चित नियम अपनाइएको देखिदैन। परिणामतः अध्ययन अनुसन्धानमा जटिलता आउनु स्वाभाविक छ। यी अप्रकाशित अभिलेखहरूको माध्यमबाट तत्कालीन राजनीतिक, प्रशासकिक, सामाजिक, एवं आर्थिक गतिविधिबारे केही नौलो प्रकाश छर्न सकिन्छ।

यी अभिलेखहरूमध्ये तीन अभिलेखहरूका किनारा भाग कीराले वा चिसोले खाएर नष्ट भई केही अक्षरहरू पढ्न नसकिने अवस्थामा रहेका छन्। तर पनि अन्य पढ्न सकिने पूर्ण अभिलेखको अध्ययनबाट यहाँ लोप भइसकेका केही अक्षर, शब्द र अङ्कहरू अनुमान गर्न सकिन्छ। यसकारण मूल पाठमा च्यातिएको संकेतका साथ अनुमान गर्न सकिए जति अक्षरहरू कोष्ठभित्र उल्लेख गर्दै अभिलेखलाई वास्तविक रूप दिने प्रयास गरी यी पाँचै अभिलेखहरूलाई प्राचीनतानुक्रममा संकेताङ्क दिई प्रस्तुत गर्दैछु।

अभिलेख नं १ (छाप सहितको अभिलेख)

CNAS No. 444

छाप स्वस्ति श्री माहिला नानी साहेव कस्य रुक्का— — आगे चामु द्वारेके हाम्रा सेराका ६६ सालका वाली मध्ये दसरथ षवासके वाली षर्च के धान मुरि तिस ३० वक्स्यौं रुक्का देषत भरिदे वही वुझदा मोजरा पर्ला ईति सम्वत १८६६ साल मिति मंसीर वदि रोज शुभम्—

अभिलेख नं. २

CNAS No. 455

श्री

स्वस्ति श्री मन्माहिला नानीसाहेव कस्य रुक्का—



अभिलेख नं. १

माहिला नानी साहेबको छाप सहितको रुक्का

– (आ) * गे दाषिला आम्दानि मध्येस हाम्रा गाउले चौरी –
– –को चौहत्र सालका आम्दानी मध्ये– –
– अ –रुद्रनारायेन उपाध्याय हस्ते नीज पटना रुपैया
–स ये ऐक १०० हाम्रा हजुरमा दाषिला भयो तस्को क– (वु)
– (ल) गरिवक्स्यौं वहि वुझदा मोजरा पर्ला इति संवत १ – – –
– – (साल) मिति माघ सुदि ३ रोज ५ शुभम्—

अभिलेख नं. ३ CNAS No. 455

श्री

–––(स्वस्ति) श्री मन्माहिला नानीसाहेव कस्य रुक्का–
– – – (आगे दा) षिला आम्दानि प्रगना महुतरी मध्ये मौजे – –
– – गैन्ह मौजे ५ का ६७ सालका इजाराका मुहुडा–––
– (म) ध्ये आयाको मार्फत षेलपतियादे हस्ते प्राप्त– –
– – पटना ज्मा रुपया तीन सये ३०० हाम्रा हजुर– (मा) – – (दाषि)
– – (ल म) यो तस्को कवल गरिवक्स्यौं ७६ सालका– (व)
– (हि) वुझदा मोजरा पर्ला इति संवत १८७५ साल मिति
– (मा) घ सुदि ४. रोज ६ शुभम्—

अभिलेख नं. ४ CNAS No. 452

श्री

स्वस्ति श्री माहिलि नानिसाहेव कस्य रुक्का–
आगे फौजदार अमोलि पाडेके जेल्लै महुतरि मध्ये
भागाउं मौजे वन चौरि गैन्ह ज्मा मौजे ७ का संवत १८९१ साल वैसाष वदि १. रोज सौ लगाईत चैत्र सुदि १५. रोज तक वर्ष १. को ठिका वमोजिम पट्टा कवुलिअ ति दाम दामक वुझिलिजु वासिल वाकि फाटक गरि वक्स्यौं इति संवत १८९१ साल मिति फागुन सु दि रोज २ सुभम्—

अभिलेख नं. ५ CNAS No. 544

श्री

स्वस्ति श्री मन्माहीलि नानीसाहेव कस्ये रुक्का—
आगे फौजदार अमोलि पाद्यके जिल्लै मंहुतरि मध्ये
हाम्रा ग– – –
नषौरी १ मौजेको वदेया १ मौजे हिर्दुवा १ मौजे वगेआको झुप्रा
दि १. मौजेको झुप्रा १ मौजे इकरहिया १ मौजे भुतहि वदेसव
१ ज्मा मौजे ७ का सम्वत १८९१ साल वैसाष वदि १ रोज सौ लगाई
त चैत्र सुदि १५ रोज तक ठिकाका वमोजिम पट्टा कवुलिअत दा
म दामक वुझिलिजु वासिल वाकि फाटक गरिवक्स्यौं—

आसामि —	रुपैं–(आ)
ज्मा रूपैञ्चा वमोजिम पट्टा –	३२५१.
असुल हाम्रा हजुर दाषिल रुपैञा –	२३०१.
कार्तिक सुदि ४. रोज –	१३०१.
पौष सुदि १२. रोज –	१०००.
वाकी — —	९५–(०)
हाम्रा हजुर दाषिल संवत सदर मिति फागुन सुदि ९ रोज ५. रु –	५००.
वाकी—	४–(५०).
मिनाहा जर्ता—	१००.
बाकी—	३५०.
असुल हजुर दाषिल संवत सर मिति चैत्र वदि ९ रोज रुपैया –	३५०.
वाकी –	० फारक

सम्वत १८९१ मिति चैत्र वदि ९ रोज २ शुभम्—

* च्यातिएर पढ्न नसकेको अक्षरको संकेत– – – – र ( ) कोष्ठभित्र सो खाली स्थानमा हुनु पर्ने अक्षर र अङ्क उल्लेख गरिएको छ।

पुनश्चः- यस लेखमा प्रस्तुत अन्य अभिलेखहरुमा पनि यस्तै प्रकारको संकेत र अनुमानित अक्षर दिइएको छ। —ले.

माथि उल्लिखित ५ रुक्का पत्रहरू माहिला नानी साहेबले महोत्तरी जिल्लाको विभिन्न गाउँका फौजदार, द्वारे आदिका नाममा जाहेर गरेका आदेशहरू हुन् । यी रुक्काहरूमा दशरथ षवासलाई खर्च स्वरूप ३० मुरी धान प्रदान गर्नु भनी द्वारेलाई दिएको आदेश (अ. नं.१), बाली बुताउँदा आंशिक मिनाहा दिने आदेश र बाली बुझिलिएका कुराहरू उल्लेख छन् । यी ५ अभिलेखहरूमध्ये ३ अभिलेखहरूमा उल्लेख छ "··· वही वुझदा मोजरा पर्ला···" अर्थात् आंशिक मिनाहा दिइने छ (अ. नं. १, २ र ३) । यसबाट बुझिन्छ कि आदेश जाहेर गर्ने व्यक्ति सो बालिका सर्वाधिकार सम्पन्न व्यक्ति हुन् । यस अभिलेखबाट उनीमा कर माफी गर्ने हक रहेको छ भन्ने प्रष्ट हुन्छ । अभिलेखमा "श्री मन्माहिला नानीसाहेव" भनी बडो सम्मान र आदरपूर्वक दर्जाको उल्लेख गरिएको छ । यसबाट नानी साहेब राजाका द्वितीय भित्रिनी (रखौटी) थिए तापनि तत्कालीन समाजमा उनी एक प्रतिष्ठित व्यक्तिको रूपमा रहेका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

साथै (Seal) छाप सहितको रुक्का (आदेश) जारी गर्ने अधिकार प्राप्त भएबाट उनी राजनीतिक एवं प्रशासनिक क्षेत्रमा उच्च ओहदा प्राप्त नारीको रूपमा देखा पर्दछन् । किनकि त्यस समयमा रुक्का राजा वा राजाको नायव भई कार्यभार सम्हाल्ने सर्वोच्च शक्तिको आदेशको रूपमा लिइन्थ्यो । समकालीन अन्य चिट्ठी, आदेश, रुक्का, अर्जि, सनद, पूर्जी आदिको अध्ययन गरी हेर्दा राजा र नायव बाहेक चौतरिया, मुख्तियार, जनरल, काजी आदि जस्ता उच्च ओहदामा पुगेका व्यक्तिहरूले समेत रुक्का आदेश दिने गरेको पाईंदैन । यस्ता उच्च, प्रतिष्ठित र शक्तिशाली प्रशासनिक व्यक्तिहरूले दिएका आदेश वा सुझाव पत्रहरूमा "कस्य पत्रम्" मात्र उल्लेख गरेका पाइन्छन् भने सोही विषय वस्तुमा राजा र नायवको आदेश भए "कस्य रुक्का" लेखिएको हुन्छ (योगी, २०२२, काठमाडौं, पृ. ३१, ३८, २०० आदि) । राणा शासनकालमा आएर प्रधानमन्त्री वा श्री ३ महाराजसम्मले रुक्का (आदेश) दिने गरेको पाइन्छ । प्रधानमन्त्रीले कुनै विषयमा दिएको आदेशमा "कस्य रुक्का" र सोही विषय कम्यांण्डर इन चीफले आदेश दिए "कस्य पत्रम्" लेखी जाहेर गरेका हुन्छन् । (योगी, पृ. २३२, ३०५, ३२२, ४३७, ५०३ आदि) । यसरी एकै आदेश पत्रमा दुई अधिकारीको कस्य रुक्का र कस्य पत्रम् उल्लेख गरिएबाट प्रधानमन्त्रीको आदेश (रुक्का) अनुसार कम्याण्डर इन चीफले आफ्नो तर्फबाट पत्रादेशको (पत्रम्) रूपमा जनता समक्ष जाहेर गरेका अर्थमा लिन सकिन्छ । यी आदेश पत्रहरूबाट स्पष्ट हुन्छ कि रुक्का प्रदान गर्ने हक प्रधानमन्त्रीभन्दा तल्लो तहका कर्मचारीलाई थिएन । यसरी यी पाँच रुक्काहरू प्राप्त भएबाट उनी भित्रिनी नै भए पनि उनको दर्जा राजनीतिक एवं प्रशासनिक क्षेत्रमा उच्च रहेको प्रमाणित हुन्छ । बाली उठाइएको र मिनाहा दिएका आदेश पत्रहरूबाट उनी आर्थिक प्रशासनका उच्च अधिकारी रहेको अनुमान गर्न सकिन्छ ।

यदि बाली उठाइएका क्षेत्र उनको निजी वित्त भए उनी आर्थिक दृष्टिबाट निकै सम्पन्न रहेको प्रतीत हुन्छ । किनकि उनले बाली उठाइएका (महोत्तरी जिल्ला) क्षेत्रहरूको उत्पादन क्षमता निकै राम्रो [Regmi, (M. C., Land ..) P. 110, Table No. 36] रहेको देखिन्छ । अर्कोतर्फ वित्तीयक्षेत्रहरूको आफ्नो वित्त भित्रका अन्य आम्दानी, स्थानीय जनता माथिको नियन्त्रण, विविध कर उठाउने हक, न्याय प्रशासन माथिको अधिपत्य आदि [Regmi, (A Studv...), 1972, New Delhi; pp. 40–41] ले गर्दा उनको वर्षेनी थुप्रै आम्दानी हुने गरेको बुझिन्छ । यी ५ अभिलेखहरूमध्ये द्वारेलाई दिएको आदेशमा ६६ सालको बालीबाट ३० मुरी धान खर्च स्वरूप दिनु, बाली बुझ्दा सो मिनाहा गरिन्छ भन्ने (अ. नं. १) छ भने अ.नं. २ मा पटना रु. १००।- र अ. नं. ३ मा पटना रु. ३००।- बुझिलिएको र बाली बुझाउँदा आंशिक छूट दिने आदेश दिएको पाइन्छ । रुक्का नं. ५ मा लेखिए अनुसार १८९१ सालको वार्षिक बाली स्वरूप ३२५११- आम्दानी हुने र त्यसमध्ये रु. १००।- मिनाहा दिएको स्पष्ट हुन्छ । रुक्का नं. ४ मा भने मिनाहासम्बन्धी केही कुरा उल्लेख छैन, केवल ठेक्का बमोजिम बाली बुझिलिई कागज फाटी पठायौं भन्ने कुरा लेखिएका छन् । यसबाट थाहा हुन्छ कि

फौजदार अमोली पाण्डेको (अ. नं. ४ र ५ दुवै पाण्डेको नाममा जाहेर भएको रूक्का हुन्) । नाममा मात्र दुई वेग्लावेग्लै ठेक्का दिएका छन् । यसरी यी क्षेत्रबाट मात्र वर्षेनी २३५१।- रु.भन्दा बढी आम्दानी हुने बुझिन्छ । तर यी क्षेत्रहरू उनको निजी वित्त होइन भन्ने देखिन्छ। किनकि निजी वित्त वा गुठी जग्गा भएको भए वित्तवाल स्वयंले बाली उठाउन जाने गर्छ [Regmi, (A Study...) p. 126]। जग्गा धनी आफैं जान वसके ढोकेहरू पठाई बाली उठाउने व्यवस्था गरिन्छ । यदि जग्गा रैकर वा जागीर भएको खण्डमा बाली उठाउन स्थानीय कारिन्दाहरू नियुक्ति गरिन्थ्यो, जसले स्थानीय बाली र अन्य कर उठाउनुका साथै स्थानीय प्रशासन र न्याय व्यवस्था समेत सम्हाल्ने काम गर्छ । यस्ता व्यक्ति-हरू नियुक्ति गर्दा सैनिक र राजनीतिक दृष्टिबाट (Strategic view point) महत्व भएका क्षेत्रहरू-मा सुब्बा र सो दृष्टिबाट कम महत्वको क्षेत्रहरूमा सुवेदार वा द्वारे र पूर्वी तराईमा स्थानीय चौधरीहरू नियुक्ति गरिन्छ [Regmi, (A study...) p 126, Foot Note No. 20, pp. 127, 128) ।

माथि उल्लिखित ५ रूक्काहरूमध्ये २ वटा रूक्कामा फौजदार (अ. नं. ४ र ५), एकमा द्वारे (अ. नं. १) र एकमा इजारा (अ. नं. २) को चर्चा भएको छ जसबाट यी क्षेत्रहरू जागीर वा रैकरमध्ये एक हुने अनुमान गर्न सकिन्छ । तर रूक्का पत्रलाई राम्ररी अध्ययन गरेको खण्डमा यी जग्गाहरू रैकर र जागीर नभई "शेरा जग्गा" अर्थात् राजदरबारको संसार र आवश्यक खर्चका लागि आवश्यक रकम आपूर्ति गर्न राजदरबारको ढुकुटीमा आम्दानी दाखिला गर्ने गरी छुटचाइएको कपर्दारको निगरानीमा राखिएको भूमि [Regmi, (Land... Vol. II) pp. 275-276] हो भन्ने बुझिन्छ । अभिलेख नं. १ मा स्पष्टसंग उल्लेख नै गरिएको छ कि "... हाम्रा सेराका ६६ सालका बाली मध्य दशरथयवासके बाली षर्चके धानमुरी ३० वक्स्यौं ..." हुन त यसमा जग्गा कुन क्षेत्रको हो भन्ने लक्ष गरेको छैन तर अन्य अभिलेखहरूमा महोत्तरी जिल्ला-बाट बाली उठाएको लेखिएका छन् । महोत्तरीलाई शेरा भूमि भनेर किटान गरेको छैन तापनि यी सम्पूर्ण बाली शेरा भूमिबाट नै उठाइएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । किनकि श्री ५ रणबहादुर शाहबाट वि. सं. १८५५ (सन् १७९८) मा महोत्तरी जिल्लामा १४ विगाहा जग्गा राजा र राजपरिवारको उपभोगको लागि (Royal use) शेरा जग्गा छुटचाइएका थिए [Regmi, (Land...), pp. 275,276] जुन क्षेत्रमा (Foreed labour) झारा प्रथा कि अधिया प्रथा (Cropsharing basis) मा खेत जोत्न लगाइन्छन्। राणा शासनकालमा आएर यस्तो भूमि शाही परिवारले भन्दा राणा परिवार अर्थात् श्री ३ महाराज परिवारले बढी उपभोग [Regmi, (Land... Vol. II) p. 276] गरेको पाइन्छ ।

पूर्वी तराईको बाली मुगल प्रथा वा नगदमा उठाउने [Regmi, 1987, (Thatched Huts...), New Delhi, p. 54, Foot Note No. 66] प्रचलन अनुसार यी अभिलेखहरूमा पनि अ. नं. २ र ३ बाली स्वरूप "पटना रुपैयाँ १००।- र ३००।-" र अ. नं. ५ मा रु. ३२५१।- बुझिलिएका छन् । यसबाट नेपालमा सरकारी लेनदेनमा नेपाली मुद्रा मात्र होइन भारतीय मुद्रा पनि चलन चल्तीमा रहेको छ भन्ने बुझिन्छ । यसको साथै के अनुमान गर्न सकिन्छ भने त्यस वेला महोत्तरी जिल्लाको उत्पादन भारतको सीमा क्षेत्रमा बिक्री गरी आर्जन गरेको रकम कर स्वरूप सरकारलाई बुझाउने गरेको हुन सक्छ । दुई वटा रूक्काहरूमा "...ठिक्का वमोजिम पट्टा कवुलिअत दामदामक बुझि-लिनु..." (अ. नं. ४ र ५) भन्ने वाक्यहरू रहेका छन् । यसबाट यी जग्गाहरूमा बाली उठाउने काम "ठेकवन्दी पंचसाला ठेक्का प्रथा" को आधारमा [Regmi, (Thatched Huts...) pp. 72-74] ठेक्कामा दिएको बुझिन्छ ।

यसरी माहिला नानी साहेब तत्कालीन दरबारी आर्थिक प्रशासनका सर्वेसर्वा व्यक्ति रहेको प्रष्ट हुन्छ । यसैले होला उनलाई "श्री मन्माहिला नानी साहेब" भनी सम्मानपूर्ण सम्बोधन गरिएको र आदेश पत्र जाहेर

गर्ने हक दिइएको। यसबाट वि. सं. १८३४ देखि १९०३ (सन् १७७८ देखि १८४६) सम्म नेपालको राजनीतिक रङ्गमञ्चमा राजा, जेठी रानी, कान्छी रानी, राजाका भाइहरू, युवराज र राजकुमारहरू संलग्न रहेको (Agarawal, 1976, New Delhi, p. 5) मात्र नभई नानी साहेवहरू समेत सहभागी रहेको प्रमाणित गर्दछ। जुन व्यक्तिले शेराको बाली सम्बन्धी कारोबार गर्ने हक प्राप्त गरेको छ अर्थात् राज्यको प्रशासन सञ्चालनार्थ गठित भारदारी सभाका छ जना व्यक्तिमध्ये पाँचौं तहका एक व्यक्ति कपर्दार जो (King's House Minister) राजदरबारका हरेक व्यवस्थाका लागि उत्तरदायी व्यक्ति र आवश्यक परेको खण्डमा सरकारी हिसाब पनि निरीक्षण (audite) गर्ने व्यक्ति हुन्छ (Agrawal, p. 6) त्यसको समेत हाकीम रहेको प्रतीत हुन्छ।

अब उनी कुन राजाका माहिला नानी साहेव अर्थात् भित्रिनी हुन् त भन्ने प्रश्न उठ्न सक्छ। यी पाँच अभिलेखहरूले वि. सं. १८६६ देखि १८९१ चैत्रसम्मको समय ओगटेको छ। यस अवधिमा राजा गीर्वाणयुद्ध विक्रम शाह [20th Nov. 1816] मा गीर्वाणयुद्ध विक्रमको मृत्यु-(Stiller. 1976, Nepal p. 106) वि. सं. १८७३ सम्म र त्यसपछि उनका छोरा राजेन्द्र विक्रम शाह वि. सं. १९०४ (May 12th 1843 मा पदच्युत- Jain. 1972, Agra, p. 87) नेपालका शासक रहेका थिए। उल्लिखित नानी साहेव यी दुई गीर्वाणयुद्ध र राजेन्द्र विक्रम शाहमध्ये कुन चाहिको हुन् त भन्ने विषयमा विचार गरी हेर्दा उनी यी दुवै राजाहरूका नानी साहेव नभई उनीहरूभन्दा अघिका राजा रणबहादुर शाहका नानी साहेव भएको अनुमान गर्न सकिन्छ। किनकि गीर्वाणयुद्ध विक्रम शाहको जन्म वि. सं. १८५४ आश्विन [(Oct. 1797 A. D)-Regmi, 1972 Calcutta: (Modern...I) p. 582] मा भएको थियो। यस अनुसार १८६६ सालमा उनी केवल १२ वर्षकी मात्र हुन्छ। १२ वर्षको उमेरमा राजाको नानी-हरू (दरबारी सुसारेहरू) त हुन्छन् तर नानी साहेव (भित्रिनी) हुन सक्छन् भन्ने कुरा जीवविज्ञानको दृष्टिकोण बाट हेर्दा अस्वाभाविक देखिन्छ। यस समयमा राजेन्द्र विक्रम शाहको जन्म भएकै थिएन। यसैले उनको नानी साहेव हुने सन्देह नै भएन। यसकारण यी नानी साहेवको अस्तित्व रणबहादुर शाहको समयदेखि नै रहेको कुरा निर्विवाद छ।

विभिन्न ऐतिहासिक स्रोतले श्री ५ रणबहादुर शाहका घरै रानीहरू र अनेकननानी साहेवहरू रहेको कुरा दर्शाउँछ। तर उनका रानीहरू र नानी साहेवहरू कति थिए र को को हुन् भन्ने विषयका विद्वानहरूबीच मतभिन्नता रहेको छ। जस्तै–भाषा वंशावली अनुसार उनका रानीहरू क्रमशः राजराजेश्वरी देवी, कान्तीवती, चन्द्रावती, श्री विजया (विद्या) लक्ष्मी, अम्बरराजेश्वरी देवी, ललित त्रिपुरा सुन्दरी देवी र पटनावाला र भादगाउँल्या नानी साहेव दुई जना गरी जम्मा ८ जना (सं. थापा, २०३०, काठमाडौं, पृ. ७) र महताव नामकी मुसलमान केटी उनका कान्छी भित्रिनी (नेपाल, २०४०, काठमाडौं, पृ. २२८–२३०) थिए। वंशावलीमा सुवर्णप्रभाको नाम उल्लेख गरेका छैनन्। नयनाथ पौडेलले यसै वंशावलीलाई स्वीकारेका छन् र सुवर्णप्रभालाई केवल रणबहादुर शाहका इच्छानुसार चल्ने 'भोग्या रानी' (रखौटी) को रूपमा (पौडेल, २०२२, काठमाडौं, पृ. ५६–५७) मात्र मानेका छन्। नेपालको राजनीतिमा करीब ३ वर्ष अर्थात् रणबहादुर शाहको १८५७ को ताम्रपत्र अनुसार राजा गीर्वाणयुद्धका नायब पदका हकदार कान्छा रानीका (नेपाली, २०२०, काठमाडौं. परिशिष्ट नं. ९, पृ. १२३-१३१) मृत्युपछि नायब भई शासन कार्यभार सम्हालिरहेका जेठा रानी राजराजेश्वरी देवी बनारसमा रहेसम्म नायब भई शासन चलाउने महारानी सुवर्ण प्रभालाई केवल रणबहादुर शाहका रखौटी मात्र मानेका छन्। यसैले यी रुक्का दिने "माहिला नानी साहेव" उनी नै हुन् कि भन्ने शङ्का उठ्न सक्छ। रणबहादुर शाहको घण्टाभिलेखमा उनलाई "भोग्या रानी" भनी लेखिएको आधारमा उनी पूर्णरानी होइनन् (इतिहास प्रकाश, २०१२, काठमाडौं, पृ. ४६) भन्ने भनाइ व्यक्त गरेका छन्। इतिहासविद् रेग्मीले पनि सुवर्णप्रभा र कान्तीवती दुवैलाई भित्रिनी मानेका छन् [Regmi, (Mod.., Vol. I), pp. 577-8] र सुवर्णप्रभालाई नायब रानीको दर्जासम्म [Regmi, (Mod.... Vol. II) p. 106] दिएका

छन् । सुवर्णप्रभा भित्रिनी थिइन् पछि मात्र उनलाई रानीको दर्जा दिएका थिए भन्ने भनाईमा नेपालले पनि सहमति जनाएका छन् (नेपाल, पृ. २३०) । अर्का थरि इतिहासकारको भनाइ अनुसार, रणबहादुर शाहका जेठी रानी गुल्मीका राजकन्या विद्यालक्ष्मी थिए जो महारानी राजराजेश्वरीको नामले प्रसिद्ध भए, माहिली रानी सुवर्णप्रभा, साहिली कान्तीवती र अन्य दुई चन्द्रावती र ललितत्रिपुरा सुन्दरी हुन् भन्ने (शर्मा, २०२७ वाराणसी, पृ. २४७) छन् । हालसम्म प्रकाशित सुवर्णप्रभाका अभिलेखहरूबाट (बज्राचार्य र श्रेष्ठ, २०३७, काठमाडौं पृ. ३२३, ३३३, ३३५, ३५२, ४२३–२४, ४५५-५६ आदि) सुवर्णप्रभा महारानी नै हुन् भित्रिनी होइनन् भन्ने प्रमाणित भइसकेका छन् ।

राजराजेश्वरी र विद्यालक्ष्मी (विजयालक्ष्मी) एकै व्यक्ति हुन् भन्ने प्रमाण "महारानी विज्यालक्ष्मी" शीर्षकले एक नेवारी लोकगीतले दिन्छ । यस गीतमा परदेशबाट (बनारस) फर्केका महारानी विजयालक्ष्मीलाई निर्वासित गरेको, उनले त्यहाँ भोग्नु परेका दुःख कष्ट, जनसम्पर्क आदिदेखि लिएर स्वामी महाराजको मृत्युपछि उनलाई काठमाडौं ल्याई सती जान बाध्य गरेको, सती जान अघि पुत्र राजा गीर्वाणयुद्धसंग भेट्ने इच्छा व्यक्त गर्दा काजी भारदारहरूले अनुमति नदिएको हुँदा विरहपूर्ण रोदनकासाथ राजालाई अंति र आशीष दिएर सती गएको करुण दृश्यको वर्णन गरेका छन् (कंसाकार, ने. सं. १०९३, काठमाडौं, पृ ७८–८०) । हुन त यो लोकगीत मात्र हो तर यस गीतमा तत्कालीन राजनीतिक परिप्रेक्षमा रहेको षडयन्त्रकारी वातावरणले गर्दा महारानी विजयारानीले भोग्नु परेका कष्ट उल्लेख गरेका छन जबकि यी सबै कुरा भोग्न परेका रानी राजराजेश्वरी देवी थिए । यसकारण गुल्मीकी राजकन्या विजयालक्ष्मी नै रानी राजराजेश्वरी बन्न पुगेका थिए र उनी विजयालक्ष्मीकै नामले लोकप्रिय रहेका थिए भन्ने बुझिन्छ । अर्कोतर्फ यी दुवै एकै व्यक्तिको नाम हुन सक्ने प्रमाण स्वरूप हालसम्म पनि शाह राजघरानामा नाम परिवर्तन गर्ने परम्परा रहिआएको कुरालाई लिन सकिन्छ । यसरी जेठी रानी राजराजेश्वरी र माहिली रानी सुवर्णप्रभा हुन् भन्ने शर्माको भनाइ ठीक देखिन्छ । यसरी सुवर्णप्रभा माहिला नानी साहेब नभई माहिला महारानी हुन् भन्ने रहेको हुनाले रुक्का उनको होइन भन्ने सिद्ध हुन्छ ।

रुक्का दिने माहिला नानी साहेब पटनावाला वा भादगाउँवाला कुन चाहिं नानी साहेब हुन् त भन्ने सन्दर्भमा केलाएर हेर्दा मने भादगाउँले वालाको रुक्का हुन सक्ने केही सम्भावना देखिन्छ । सो कुरा तथ्यकै रूपमा देखाउने कुनै दरो प्रमाण पाइएको छैन । उनका दुई भन्दा बढी नानी साहेवहरू थिए भन्ने कुरा लक्ष्मेश्वर मन्दिरस्थित १८६९ सालको लक्ष्मी देवीको शिलालेखलाई लिन सकिन्छ । यस अभिलेखमा लक्ष्मी देवीको परिचयमा लेखिएको छ कि पटना नजीक गुनिजा गाउँको काश्यप गोत्रका गणेश दत्तकी छोरी लक्ष्मी देवी भाग्यले रणबहादुर शाहकी प्यारी हुन गयो (वज्राचार्य र श्रेष्ठ, पृ. ५७०–७१, अनुवाद) । यही शिलालेखको तेह्रौं हरफमा "साहिला नानी साहेव" भनी उनको दर्जा समेत लेखेको छ (बज्राचार्य र श्रेष्ठ, पृ. ५६८) । यसरी पटनावाला साहिला नानी साहेव हुन् भन्ने प्रमाणित हुन्छ भने अर्कोतर्फ उनी बनारस जानु अघि अरू दुई नानी साहेबहरू थिए भन्ने कुरा प्रमाणित गर्छ । किनकि रणबहादुर शाह बनारसबाट फर्कंदा लक्ष्मी देवीलाई ल्याएका थिए [Regmi, (Mod ... Vol. II), 1975, Calcutta, p. 157] । यसबाट रणबहादुर शाह तीन जना भित्रिनीका साथ बनारस गएका थिए [Regmi, (Mod.... Vol. I) p. 597] भन्ने कुरा गलत साबित हुन्छ किनकि बनारसबाट ल्याएकी पटनावाली लक्ष्मी देवीलाई "साहिला नानी साहेव"को दर्जा दिएबाट उनी बनारस जानुभन्दा अघि उनका दुई जना मात्र भित्रिनी रहेका थिए भन्ने कुरा प्रमाणित हुन्छ । तर यी दुई नानी साहेवहरूमध्ये एक भादगाउँले नानी साहेव हुन् भने अर्की कहाँकी र को हुन् भन्ने प्रश्न उठ्न सक्छ जुन खोजी गर्न बाँकी नै छ । यसैले यी रुक्काहरू भादगाउँले नानी साहेवका हुन् वा अन्य कसैको भन्ने कुरा प्रमाणित गर्न कठीन छ ।

अन्य प्रमाण नभेटिएसम्म यही व्यक्ति माहिला

नानी साहेव हुन् भन्न कठीन छ तापनि रुक्काका तिथि मिति, शेरामूनिको चर्चा, रणबहादुर शाहले महोत्तरीमा शेरामूमि छुटचाइएको प्रमाण आदिबाट यी रुक्काहरू रणबहादुर शाहका माहिला नानी साहेबका हुने अनुमान गर्न सकिन्छ। ती माहिला नानी साहेब जो भए तापनि यी रुक्का पत्रहरू अध्ययन गर्दा रुक्का आदेश दिने यी माहिला नानी साहेब राजाका संभोगका रानी मात्र नभई निकै शक्तिशाली व्यक्ति रहेको दर्शाउँछ भने उनी आर्थिक दृष्टिबाट निकै सम्पन्न रहेकी मात्र नभई राजनीतिक एवं प्रशासनिक क्षेत्रमा समेत उनको अप्रत्यक्ष बोलबाला रहेको प्रमाणित गर्दछ। रुक्का प्रदान गर्नु, आफ्नो शील छाप (Seal) प्रयोग गर्नु, खर्च बक्सको हुकुम दिनु (अ. नं. ५), बाली बुझाउन लगाउन र भिनाहा दिने आदेश दिनु (अ. नं. २, ३ र ५) आदि सबै उनको आर्थिक एवं प्रशासनिक क्रियाकलापमा संलग्न रहनुका साथै सम्पन्नताका दरो प्रमाण मान्न सकिन्छ।

सन्दर्भ ग्रन्थहरू

1. Agrawal, Hem Narayan, 1976, *The Administrative System of Nepal from Tradition to Modernity*; New Delhi, Vikas Publishing House Pvt. Ltd.

२. **इतिहास प्रकाश**, भाग १, अङ्क १, २०१२।११।, काठमाडौं, इतिहास प्रकाश मण्डल।

3. Jain, M. S, 1972. *Emergence of A New Aristocracy in Nepal*, Agra, Sri Ram Mehra & Co. Publishers.

४. नेपाल, ज्ञानमणि, २०४०, **नेपाल निरुक्त**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

५. नेपाली, चित्ररञ्जन, २०२०, **श्री ५ रणबहादुर शाह : (व्यक्तित्व र शासनकाल)**, काठमाडौं, श्रीमती मेरी भण्डारी

६. पौडेल, नयनाथ, "पचलीको श्री नानी साहेब लक्ष्मी देवीको वि. सं. १८७० को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या", **पूर्णिमा**, वर्ष २, अङ्क २, २०२२ श्रावण, काठमाडौं : गौतम वज्राचार्य र महेशराज पन्त।

7. Regmi, D. R., 1975, *Modern Nepal*, Vol. I, Calcutta, Firma K. L. Mukhopadhyaya.

8. Regmi, D. R., 1975, *Modern Nepal*, Vol. II Calcutta, Firma K.L. Mukhopadhyaya.

9. Regmi, M. C., 1972, *A Study in Nepali Economic History* (1768-1846), New Delhi, Manjusri Publishing House.

10. Regmi, M. C., 1978, *Land Tenure and Taxation in Nepal*, Vol. I & II, Kathmandu, Ratna Pustak Bhandar.

11. Regmi, M. C., 1978, *Thatched Huts and Stucco Palaces : Peasants and Landors in 19 th Century Nepal*, New Delhi; Vikas Publishing House Pvt. Ltd.

१२. शर्मा, बालचन्द्र, २०२७, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी, श्रीमती कृष्णकुमारी देवी।

13. Stiller, Ludwing F., 1976, *The Silent Cry*, Nepal, Sahayogi Prakashan.

१४. थापा, रमेशजङ्ग, सं., **प्राचीन नेपाल**, संख्या २३, वैशाख २०३०, काठमाडौं, श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग।

१५. वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर, २०३७, **शाहकालका अभिलेख** भाग १, कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र।

१६. योगी, नरहरिनाथ, (सं.), २०२२, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह** भाग १, काठमाडौं, रोएल नेपाल एकेडेमी र अन्य।

प्राचीन नेपाल संख्या १०० मा प्रकाशित "चन्द्र शम्शेरको प्रधानमन्त्रित्वकालको एक सनद पत्रको आधारमा कानूनी व्यवस्थाको सन्दर्भ" को शीर्षकको मेरो लेखमा निम्न छपाइ अशुद्ध भएकोले सच्याइएको छ।—ले.

पृ.	अशुद्ध	शुद्ध
22	Gimelette, 1928	Hadgson, 1880
23	London	Landon
२३	कुनापाको	कुनथाको
26	London	Landon

प्राचीन नेपाली समाज

—डा. दिनेशचन्द्र रेग्मी

पृष्ठभूमि

प्राचीन नेपाल भन्नाले यहाँ अन्दाजी ई. सन् ४६० देखि ७५० सम्म काठमाडौं उपत्यका र वरिपरिका केही जिल्लाहरूमा आफ्नो शासनसम्बन्धी गतिविधिका लिखित प्रमाण छोडेर जाने तथा स्वयंलाई सूर्यवंशी क्षत्रिय भन्ने लिच्छवि नामले प्रसिद्ध राजवंशको राज्यकाल भन्ने जानिन्छ। स्वयं शासकहरूले र उच्च वर्गका केही सदस्यहरूले कुँदेन लगाएका यस्ता अभिलेखहरू नै तत्कालीन राजनीतिक इतिहासका झैं सामाजिक इतिहासका पनि एक मात्र विश्वसनीय स्रोत हुन्। यद्यपि यी विवेच्यकालको समाजको पूर्ण र स्पष्ट चित्र उतार्न समर्थ छैनन्। यस्तै गरी चौथौं शताब्दी ईस्वी सन्देखि संग्रह गर्न थालिएका वंशावली (पारम्परिक गाथा) हरूलाई संग्रहकालको निम्ति अपेक्षाकृत विश्वसनीय स्रोत मानिए तापनि प्राचीनकालको प्रामाणिक विवरण प्रस्तुत गर्न सक्तैनन्। तथापि यिनले लामो परम्परादेखि चलेका केही कुरालाई लिपिबद्ध गरेका छन्, जसको सर्वथा उपेक्षा गर्न सकिंदैन। विवेच्यकालका शासक र उच्च वर्ग हिन्दू समाजका आदर्शमा विश्वास गर्ने देखिएकाले कतिपय कुराको व्याख्या गर्ने क्रममा समसामयिक भारतको सामाजिक इतिहासका प्रसङ्गहरू उठाइने छन्।

वंशावलीहरू अनुसार यस क्षेत्रका आरम्भिक निवासीहरू 'गोपाल' र 'महिषपाल' वा 'आभीर' थिए। वंशावलीमा गोपालको कथा यदुवंशी श्रीकृष्णसंग सम्बन्धित देखाउन खोजिएको छ। पारम्परिक संस्कृत साहित्यमा शूद्र भनिएको आभीर जाति मूलतः विदेशी मानिन्छ र कुनै समय भारतको पश्चिमी भागमा देखा पर्छ। तर यहाँ यिनको पारस्परिक सम्बन्ध देखाउन खोज्नु उद्देश्य होइन। प्रासङ्गिक कुरा यत्ति मात्र हो, परम्पराले ईङ्गित गरे झैं यस भेकमा अन्यत्र झैं सभ्यताको थालनीको सम्बन्ध पशुपालन र आरम्भिक कृषिसंग रहनु सर्वथा स्वाभाविक थियो। वंशावलीको क्रम अनुसार गोपाल र महिषपाल (आभीर) राजवंशहरूपछि किरातहरूको शासन स्थापित भयो। वैदिक साहित्यमा सीमावर्ती पहाडी क्षेत्रमा बस्ने आर्येतर जातिहरूको सन्दर्भमा किरातको उल्लेख पाइन्छ। सामान्यतया यिनको सम्बन्ध तिब्बत—बर्मेली भाषा परिवारका बोली बोल्ने मङ्गोल्वाएड समुदायहरूसंग जोर्ने गरिन्छ। यहाँका आरम्भिक निवासीहरूमा नेग्रोएड, अष्ट्रालोएड र मङ्गोल्वाएड जातिहरूको उपस्थिति रहेको विश्वास गरिन्छ, जसको सम्बन्ध उपर्युक्त जातिहरूसंग थियो।

यिनको अतिरिक्त विवेच्यकालका अभिलेखहरूमा लिच्छवि राजवंशको साथसाथ गुप्त, वृज्जिक, मल्ल,

शाक्य र कोलियको पनि उल्लेख पाइन्छ। सामान्यतया यस राजवंशको तादात्म्य भारतको विहार राज्यको वैशालीका लिच्छवीहरूसंग गरिन्छ। वृज्जिक वा वज्जि शब्द बौद्ध साहित्यमा वैशालीका लिच्छविहरूको गणतन्त्रको र स्वयं लिच्छविहरूको पर्यायवाची शब्दको रूपमा प्रयोग भएको पाइन्छ। यस अतिरिक्त विवेच्यकालमा लिच्छविहरूकै समान महत्वाकांक्षी र शक्तिशाली रहेका भौमगुप्त, जिष्णुगुप्त आदि जस्ता गुप्तनामान्त सामन्तको उल्लेख पाइन्छ। यिनीहरू 'आभीरी' नाम वा जात भएको कुनै महिलाका सन्तान देखिएकाले इतिहासकारहरू यिनलाई पनि आभीर (गुप्त) मान्दछन्। तर शासक वर्गका प्रतिनिधित्व गर्ने यी गुप्तहरूले आफूलाई चन्द्रवंशी क्षत्रिय घोषित गरेका छन्। लिच्छविहरू झैं कोलिय मल्ल र शाक्यहरू मूलतः पूर्वी उत्तर प्रदेश र लुम्बिनीका नजीकका स्वतन्त्र गणतन्त्रात्मक जनजाति रहेका कुरा बौद्ध साहित्यबाट जानिन्छ। यसरी लिच्छवि लगायत यी सबै गणजातिहरू पालिप्राकृत भाषा बोल्ने र जैन वा बौद्ध धर्ममा विश्वास गर्ने गर्थे। तर विवेच्य क्षेत्रमा यी सबै राजतन्त्रका प्रबल पक्षपाती देखिन्छन्। यसो हुनुका राजनीतिक कारणहरू सम्बन्धित क्षेत्रको इतिहासबाट केलाउन सकिन्छ। राजतन्त्रात्मक राज्यहरूका आक्रमणबाट संत्रस्त भएका गण जातिहरूमध्ये लिच्छविहरूको गणतन्त्र शक्तिशाली थियो। यिनीहरूसंग वैवाहिक सम्बन्ध स्थापित गरेर प्रथम चन्द्र गुप्तले गुप्त साम्राज्यको जग बसालेको विश्वास गरिन्छ। तिनका पुत्र समुद्र गुप्तले पनि यस सम्बन्धको उल्लेख ससम्मान गरेका छन् र नेपाललाई करद राज्यहरूको सूचीमा राखेका छन्। हिन्दू धर्म, वर्ण व्यवस्थाको प्रचार, अनेक सम्प्रदायहरूको जन्म, संस्कृत भाषाको उन्नति तथा कला, वास्तुकला र मुद्रा कलामा भारतीयकरण गुप्त साम्राज्यका विशिष्ट उपलब्धि मानिन्छन्।

"नेपाल" मा लिच्छविहरूले समुद्र गुप्तको अधीन भारतीय शासकको रूपमा शासन आरम्भ गरे, अथवा अघिदेखि नै शासन कायम गरे अथवा गुप्त शासनबाट मुक्त बनाउन योगदान पुऱ्याएको कारणले राजा बन्न पुगे, यी सम्भावनाहरूमध्ये कुनै ठीक हुन सक्छ, तर यिनले आफ्नो राज्यस्थापना गर्न शाक्य, मल्ल र कोलियहरूबाट सहायता पाएका हुन सक्छन्। विशेष महत्वको कुरा त के भने यहाँको यो राजवंश भारतको गुप्त सम्राटबाट निकै प्रभावित थिए तथा भारतमा गुप्त साम्राज्यको पतनको वेलामा ई. सन् ४६४ मा यहाँ हिन्दू राजतन्त्रको प्रमाण पाइन शुरू हुन्छ, जसलाई संयोग मात्र भन्न सकिंदैन। यस कालको प्रथम अभिलेख चाँगुनारायण मन्दिरको द्वारसामुन्ने स्थापित छ। संस्कृत भाषाको यो अभिलेख विष्णुको स्तुतिबाट आरम्भ गरिएको छ र यसमा राजा मानदेवले स्वयंले क्षत्रिय भएको र तदनुरूप आचरण गरेकोमा गर्व गरेका छन् र युद्ध एवं विजयको यात्रा र ब्राम्हणहरूलाई दिएको दानको उल्लेख गरेका छन्।

समाज

यहाँका प्रारम्भिक राजाहरूमा वर्णव्यवस्थालाई आदर्श मान्ने हिन्दू सामाजिक व्यवस्था, राजतन्त्रको आदर्श अनुरूप राजनीतिक र सांस्कृतिक व्यवस्था कायम भएको तथ्यलाई समसामयिक अभिलेखहरूले इङ्गित गरेका छन्। संभवतः शरणार्थीहरूका रूपमा आएका तथा सामान्यतया क्षत्रियका रूपमा मानिएका लिच्छवि, तिनका छिमेकी, गुप्त सामन्त, वर्मा इ अन्य क्षत्रियहरू; गुरु, धार्मिक नेता तथा कर्मकाण्डीका रूपमा आएका ब्राम्हणहरू; साथै घुमी घुमी व्यापार गर्ने वणिक् (वैश्य), तिनका नायक सार्थवाहहरू उच्च वर्ण अर्थात् द्विजहरूका प्रतिनिधित्व गर्थे। यिनका साथ साथ बहुसंख्यक जनसंख्या संभवतः अघिदेखिकै गोपाल, आभीर र किरातहरूकै थियो। आर्थिक दृष्टिले कमजोर रहेका यस्ता स्थानीय जनजातिहरूमध्ये केहीलाई वर्ण व्यवस्थाभित्र शूद्रको श्रेणीमा राखिएको भएमा केही आश्चर्य छैन। शासक परिवार, सामन्त जस्ता उच्च वर्णहरूका अभिलेख पाइने भएको कारणले यी वर्णहरू बारेमा अपेक्षाकृत बढी सूचना पाइन्छन्।

तर प्रारम्भदेखि नै यहाँ निवास गर्ने जनजातिहरूको सामाजिक अध्ययनका आधार निर्बल र अपर्याप्त छ। अभिलेखहरूमा स्थानीय ग्रामवासीहरूलाई सम्बोधन गर्दा "अष्टादश प्रकृति" शब्दको उल्लेख पाइन्छ। यसको सामान्य अर्थ "अठार किसिमका जन समुदाय वा जात"

भन्ने गरिन्छ । केही अभिलेखहरूका क्षेत्रीय निवासीहरू-लाई सम्बोधन गर्दा ग्रामप्रधानको साथ साथ ब्राम्हण र चाण्डाल (शुद्र) को उल्लेख गरेपछि "अष्टादश प्रकृति सहित" भन्ने शब्दावलीको उच्चारण भएको छ । यस-बाट चार वर्णहरूको अतिरिक्त त्यतिखेर अठार प्रकृतिको उपस्थिति रहेको स्पष्ट हुन्छ । यिनमा पहिलेदेखि कै स्थानीय निवासीहरूको बहुसंख्यक थियो भन्ने अनुमान गर्नु उचित प्रतीत हुन्छ । सारांशमा आफूलाई सूर्यवंशी क्षत्रीय घोषित गर्ने हिन्दू राजवंशद्वारा शासित प्राचीन नेपाल बहुजातीय देश थियो ।

विवेच्यकालका अभिलेखहरू सामाजिक दृष्टिले महत्वपूर्ण दुई वटा कार्यालयहरूको उल्लेख गर्छन् । यिनमा एक त सम्भवतः वर्णव्यवस्थाका पक्षपातीहरूसंग सम्बन्ध राख्थ्यो, अर्को संभवतः प्राचीन जनजातिहरूको सामाजिक जीवनसंग सम्बद्ध थियो । "भट्टाधिकरण" नामक पहिलो कार्यालयको काम वर्ण व्यवस्थालाई दीगो राख्नु, वर्ण व्यवस्थामा आधारित समाजको संरचनालाई बढावा दिनु र वर्ण धर्मसङ्करताको स्थिति पैदा हुन नदिनु रहेको देखिन्छ । संस्कृतेतर भाषामा नामकरण गरिएको सामाजिक महत्वको अर्को कार्यालय "माप् चोक" संभवतः संस्कृतेतर जन समुदाय अर्थात् स्थानीय प्राचीन निवासीहरूको सामाजिक जीवनलाई नियमित गर्थ्यो । यसको नाम किरात अर्थात् तिब्बत–बर्मेली भाषा परिवार-को बोलीमा रहन गएको मानिन्छ ।

परिवार

प्राचीन ऐतिहासिक कालमा नेपाली समाज दुई प्रमुख समुदायमा विभक्त थियो भन्ने कुरा मानेर पारिवा-रिक संरचनाको कुरा उठाईदैछ । पति–पत्नी, छोरा–छोरी, भाइ–बहिनी आदि सदस्यहरूले संघटित परिवार-का आधार विवाहको माध्यमले वैध यौन-सम्बन्ध, आर्थिक शारीरिक र धार्मिक वा पारम्परिक सुरक्षा मुख्य हुन् । परिवार मानवको आश्रय-स्थल हो । आजभोलि शहर–बजारमा पतिपत्नी र सन्तानहरूको एकात्मक परिवारको संख्या बढ्दो छ । तर गाउँ घरमा अझै तीन वा बढी पुस्ताका सदस्यहरू साझा घरमा बसी एउटै भान्सामा भोजन गरी साझा सम्पत्तिको उपभोग गर्ने ठूलो 'संयुक्त परिवार" को अस्तित्व नरहेको होइन ।

हिन्दू समाजमा आरम्भदेखि नै पितृप्रधान संयुक्त परिवार आदर्श थियो र पैतृक सम्पत्ति अविभाज्य मानिन्थ्यो । कर्त्ता वा घरमूलीको मृत्यु भएमा ज्येष्ठताको क्रममा उत्तराधिकार सर्थ्यो । यसको एक मात्र उद्देश्य पितृप्रधान संयुक्त परिवारलाई दृढ बनाइराख्ने रहेको थियो । गृह्य सूत्रकारहरूले ज्येष्ठताको क्रममा उत्तरा–धिकारको व्यवस्था दिनुको साथ साथ सबै अंशियारहरूले बाबुबाट अंश पाउनु पर्ने पक्षमा पनि मत नदिएका होइनन् । पछिल्लो विकल्पको अर्थ थियो प्रत्येक छोरालाई परिवारको कर्ता मानिनु अर्थात् अनेक एकात्मक परि-वारको अस्तित्व बनाउनु । संभवतः पहिलो पल्ट यस्तो मत दिने सूत्रकार आपस्तंब थिए । यिनले छोराहरूलाई स्वयं पिताले अंशबण्डा गरिदिनुलाई उत्तम मानेका छन् । मनुले एक ठाउँमा जेठो छोराले मात्र अंश पाउनु पर्ने (९.१०४) चर्चा गरेका छन् भने अर्को ठाउँमा पिताको मृत्युपछि मात्र उसको सम्पत्तिमा दाजु भाइ सबैले बरा–बर अंशबण्डा गर्नु पर्ने दुवै पक्षमा व्यवस्था दिएका छन् । दोस्रो विकल्पको समर्थनमा मनुले छोराहरूले भिन्न भएर रहँदा धर्मको बृद्धि हुने कुरा गर्दै भिन्न हुनुलाई धर्म सङ्गत पनि मानेका छन् (९.१११) । यसको अर्थ कदा–चित् ईसवीका आरम्भिक शताब्दीहरूमा पितृप्रधान संयुक्त परिवार हिन्दू समाजमा आदर्श त थियो तर यसमा र एकात्मक परिवारको बीचमा सङ्घर्ष भने चर्कदै थियो भन्ने निस्कन्छ । बौद्ध साहित्य, रामायण, महाभारत र पुराणहरूबाट पनि यी दुई किसिमका परिवारहरूको आन्तरिक सङ्घर्षका संकेत पाइन्छन् । गुप्तकालमा पनि यस्तै स्थिति देखिन्छ ।

विवेच्य क्षेत्रबाट प्राप्त प्रमाणबाट यहाँ पनि गुप्तकालीन भारतको समान वर्णव्यवस्था लगायत हिन्दू सामाजिक मान्यता रहेको देखिएकोले प्राचीन 'नेपाल'को हिन्दू समाजमा परिवारसम्बन्धी मान्यता पनि समान रहेको अनुमान गर्न सकिन्छ । राजधानीको अतिरिक्त यहाँका विभिन्न गाउँहरूमा त्यतिखेर अष्टादश–प्रकृतिको साथ साथ ब्राम्हण परिवार तथा वार्त वा सामन्तको रूपमा क्षत्रियहरूको उपस्थितिको प्रमाणबाट यो कदाचित्

शासकहरूको सुनियोजित योजनाको परिणाम थियो कि भन्ने सम्भावना देखा पर्छ ।

विवेच्यकालका केही अभिलेखहरूमा "ग्राम कुटुम्बी" हरूलाई सम्बोधन गरिएका छन् । कुटुम्बको सामान्य अर्थ "संयुक्त परिवार" भन्ने गरिन्छ । कृषि र पशुपालनमा आधारित सामग्री समाजमा संयुक्त परिवार प्रथा रहनु स्वाभाविक हो । वर्तमान नेपालका कतिपय जनजातिहरूको सामाजिक अध्ययनबाट पनि यो बुझ्न सकिन्छ । कृषकलाई काम गर्ने हातको भइरहने खाँचो संयुक्त परिवार प्रथाबाट सरलतासंग पूरा हुन्छ । केही पहिलेसम्म नेपालमा ठूलो परिवार हुनु सम्पन्नताको चिन्ह मानिन्थ्यो । यद्यपि विवेच्यकालका अष्टादश-प्रकृतिको पारिवारिक स्वरूपबारे जानकारी दिने प्रमाणको अभाव छ तथापि तिनमा पनि संयुक्त परिवारकै चलन बढी रहेको भए आश्चर्य छैन । समाजशास्त्रीहरूको विचारमा (१) बढी सदस्यहरूको कारण ठूलो आकार, (२) सामूहिक निवास र भान्सा, (३) साझा सम्पत्ति, (४) धर्म र परम्पराको प्रधानता, (५) सामूहिकतावादी प्रकृति र (६) गूली (कुटुम्बी) को सर्वोच्च स्थान संयुक्त परिवारका मुख्य विशेषताहरू हुन् । यद्यपि प्रमाणको न्यूनताको वर्तमान स्थितिमा प्राचीन नेपालको संयुक्त परिवारमा यी विशेषताहरूको विवेचना गर्न कठिन छ ।

अभिलेखहरूका केही सन्दर्भ अनुसार सामान्यतया पैतृक सम्पत्ति अविभाज्य मानिने तर विशेष परिस्थितिमा त्यसको विभाजन पनि गरिने व्यवस्था रहेको देखिन्छ । यङ्गाल हिटीको सं. ६४ (ई. सन् ६४०) को शासकीय लेखमा विशेष निगाहसाथ भनिएको छ, "हत्या, चोरी, राजद्रोह परस्त्री संग्रह जस्ता ठूला अपराधमा दोषी ठहरिएको व्यक्तिको आफ्नो अंशको घरखेत गाईवस्तु आदि सम्पत्ति मात्र दरबार लाग्नेछ, तर त्यो अपराधीका अंशियारहरूबाट अलिकति पनि बढी जबर्दस्तीसंग लिइने छैन ।" यसको एक वर्षपछिको अर्को (भृङ्गारेश्वरको) अभिलेखमा पनि यस्तै निगाह गरिएको छ । यी दुवै ग्रामबासीहरूलाई तिनले गरेका विशेष कामले रिझिएका शासकले यस्तो निगाह गरेका थिए । यसबाट ठूला अपराधीको सम्पूर्ण परिवार सजायँको भागी बन्थ्यो तर राजाबाट निगाह प्राप्त गर्ने जस्ता विशेष परिस्थितिमा चाहिं अपराधीको व्यक्तिगत अर्थात् आफ्नै अंश मात्र सरकार लाग्थ्यो भन्ने कुराको संकेत पाइन्छ । यताबाट संयुक्त परिवारको सम्पत्ति सबै अवस्थामा विभाज्य मानिंदैनथ्यो, अर्थात् संयुक्त परिवार बनिरहन्थ्यो र केही परिस्थितिमा मात्र यो विभाज्य हुन्थ्यो अर्थात् अंसबण्डा पनि हुने गर्थ्यो भन्ने जानकारी हुन्छ । अर्को शब्दमा संयुक्त परिवार टुट्न गई व्यक्तिगत वा एकाकी परिवारको संघटनका परिस्थिति पनि आइरहन्थे भन्ने देखिन्छ । आर्थिक कारण, कलह, सदस्यहरूको बसाइँ सराइ, स्थान र पेशामा परिवार संख्यामा वृद्धि, घरमा स्थानको कमी जस्ता कारणले संयुक्त परिवारमा बीच बीचमा फाटो आइरहनु र टुट्नु स्वाभाविक थियो । तर यसबारे बढी सूचना दिने सामग्रीको अभाव छ ।

तर संयुक्त परिवारको विघटनको परिणाम सधैं एकात्मक परिवारको उत्पत्ति थियो भन्ने संभवतः मिल्दैन। ज्ञातव्य छ, मल्लकालीन नेवार समुदाय संयुक्त परिवारका विवाहित छोराहरूका पिता सदस्यहरू घर सल्लाह गरी थकालीको नेतृत्वमा अनेक संयुक्त परिवारका कर्ताको रूपमा छुट्टिन्थे । मूल संयुक्त परिवारबाट अनेक संयुक्त परिवारको जन्म हुन सक्ने मध्यकालको यो परम्परा अझै प्राचीन रहेको भएमा आश्चर्य छैन । तर पर्याप्त सामग्रीको अभावमा प्राचीन नेपालको परिवारबारे बढी कुरा जान्न सकिएको छैन ।

प्राचीन नेपाली परिवारमा मातापिता, पति, बहिनी आदि सदस्यहरूको आदर र प्रेम व्यक्त गर्नु आदर्श मानिन्थ्यो भन्ने कुरा तत्कालीन अभिलेखहरूका केही प्रसङ्गहरूबाट स्पष्ट हुन्छ । हिन्दू समाजमा प्रचलित चलन अनुसार स्त्रीले पतिसंग र विधवाले छोराहरूसंग अनुमति नलिई पैतृक सम्पत्तिबाट खर्च गर्नु निषेध छ । यस परम्पराको निर्वाह उच्च वर्गमा यहाँ पनि हुन्थ्यो भन्ने कुराको संकेत पशुपतिको एक अभिलेखमा पाइन्छ । परिवारमा महिलाको अवस्था निम्न रहेको कुराको संकेत पाइन्छन् ।

सन्दर्भ ग्रन्थ सूची

संस्कृत

आपस्तम्ब गृह्य सूत्र– सुदर्शनाचार्य टीका, मैसूर ।

मनुस्मृति– रामेश्वर भट्ट, अनु. सं., दिल्ली : चौखम्बा, १९८५ ।

मिताक्षरा– याज्ञवल्क्य स्मृतिमा विज्ञानेश्वरकृत भाष्य बम्बई, १९०५ ।

याज्ञवल्क्यस्मृति– सम्पादक, जे. आर. घरपुडे, बम्बई, १९२६ ।

अन्य

Kane, P. V., *History of Dharmashastra*, 5 Vols, Poona, 1930-1953.

खत्री, प्रेमकुमार, **नेपाली समाज र संस्कृति**, काठमाडौं त्रि. वि., २०३६ ।

Ghurye, G. S., *Caste, Class and Occupation*, Bombay, 1961.

Chatterjee, S. K., "Kiratajana kriti, the Indo-Mongolorids, Their contributions to the History & Culture of India" *JRASB*, XVI-2, (1950) (pp. 143-235)

नेपाल, ज्ञानमणि, **नेपाल निरुक्त**, काठमाडौं : ने. रा. प्रज्ञाप्रतिष्ठान, २०४० ।

पौडेल, नयनाथ, सम्पादित, **भाषा वंशावली भाग १**, काठमाडौं : पुरातत्व विभाग, २०३० ।

पराजुली, बुद्धिसागर र अन्य सम्पादित, "गोपाल वंशावली" **हिमवत्संस्कृति** १, १ (२०२६)

मिश्र, जयशङ्कर, **प्राचीन भारतका सामाजिक इतिहास**, पटना : विहार हिन्दी ग्रन्थ अकादमी, १९८३ ।

Wright, Daniel, *History of Nepal*, Kathmandu (reprint), 1972.

रेग्मी, जगदीशचन्द्र, **लिच्छवि संस्कृति**, काठमाडौं : रत्नपुस्तक भण्डार, २०२६ ।

--- **प्राचीन नेपालको राजनीतिक इतिहास**, काठमाडौं : ने. रा. प्रज्ञा प्रतिष्ठान, २०३५ ।

Regmi, D. R., *Ancient Nepal*, Calcutta, 1961.

रेग्मी, दिनेशचन्द्र, "प्राचीन नेपाली संस्कृतिको विकास-क्रम" **महेन्द्र व्याम्पस अनुसन्धान पत्रिका**, अङ्क १, भाग १, दाङ्ग, २०३६, पृ. ११–१६

--- "नेपालमा वर्ण व्यवस्था र जात" **गोरखापत्र**, पौष ३, २०३९ ।

Rhys, Davids, *Buddhist India*, London, 1903.

बज्राचार्य, धनवज्र, संपादित, **लिच्छविकालका अभिलेख**, काठमाडौं : त्रि. वि. २०३० ।

ABOUT THE AUTHORS

Dr. Ramesh Raj Kunwar	—Lecturer, Central Department of Nepalese History, Culture & Archaeology, T. U., Kirtipur
Mr. Ramesh Dhungel	—Lecturer, CNAS/T. U. & Central Department of Nepalese History, Culture & Archaeology.
Miss Sushila Manandhar	—Assistant Lecturer, CNAS/T. U.
Dr. Dinesh Chandra Regmi	—Lecturer, Central Department of Nepalese History, Culture & Archaeology, T. U., Kirtipur

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनु पर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.